'युवामा रोजगारी सृजना मुख्य मुद्दा' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३११ • २०८१ साल चैत २६ गते मंगलबार (8 April, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आज प्रधानमन्त्री ओली जनकपुरधाम आउँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली मधेश प्रदेश सभाको बैठकलाई सम्बोधन गर्न मंगलवार जनकपुरधाम आउन लागेका छन् ।

मधेश प्रदेश सभाको बैठकमा प्रधानमन्त्री ओलीले सम्बोधन गर्ने र त्यसपछि सभाले धन्यवाद प्रस्ताव पारित गर्ने दुईवटा कार्यसूची रहेको छ ।

सभासदहरुलाई बिहान १० बजे प्रदेश सभामा बोलाइएको छ । प्रधानमन्त्री ओली ११ बजे हेलिकोप्टरबाट आउने कार्यक्रम रहेको छ ।

प्रदेश सभामा सम्बोधनपछि दलका नेताहरुसित भेटघाट गर्ने बताइएको छ ।प्रदेश सभाको कार्यक्रम सकिएसँगै प्रधानमन्त्री ओली सिरहा जाने कार्यक्रम रहेको छ ।

सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले प्रदेशभरिको पूर्वाधार विकास कार्यालयका योजनाहरु दलालमार्फत आफैले बिक्री गरेको आरोप लगाउँदै विपक्षी दलहरुले उच्चस्तरीय छानबिन समितिको माग गरेको हो । बुधबार संसदीय छानबिन समिति गठन गर्न सत्तापक्ष सहमत भएपछि प्रदेश सभाको गतिरोध हटाइएको छ । भौतिक पूर्वाधार विकास मन्त्री यादवले १० प्रतिशत कमिसन दलालमार्फत लिएर योजना बिक्री गरेको आरोप छ ।

प्रधानमन्त्री ओलीले एमाले सिरहा जिल्लाको अधिवेशनको उदघाटन गर्ने कार्यक्रम रहेको छ । त्यसपछि उनी राजधानी काठमाण्डु फर्किने छन् ।

### नाउपासँग एकता नहुँदै जनमत फुट्ने सम्भावना

# राउतविरुद्ध साह लाग्दा आरोप–प्रत्यारोप

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ दल जनमत पार्टीले नागरिक उन्मुक्ति पार्टीसंग एकताका लागि गृहकार्यमा व्यस्त रहँदा अध्यक्ष सीके राउतले पार्टी विभाजनको भय सामाजिक सञ्जालको माध्यमबाट पोखेका छन् ।

अध्यक्ष राउतले सोमबार सचिवालयको पेजमार्फत् पार्टी विभाजनको भय सार्वजनिक गरेका छन् ।

'मीठो बोलेर तपाईंलाई फकाउने पार्टी फोड्वा गद्दारहरूबाट सावधान !,' अध्यक्ष राउतले सामाजिक सञ्जालमा लेखेका छन्, 'हामी एकता गर्दै तराई-मधेशको शान बनौं ।'

थरूहट मधेशमा ऐतिहासिक एकता हुनै लागेकाले जनताहरू चारैतिर हर्षित भएका बेला एकीकरण प्रक्रिया चल्दादेखि नै केही षड्यन्त्रकारी र विरोधी पार्टीहरूले जनमतका पदाधिकारीलाई पार्टी फोड्नका लागि गाडी र पैसा लगानी गरेर परिचालित गरेको राउतको आरोप छ ।

पार्टीभित्रका केही मानिसहरू दशैं तिहारदेखि नै पार्टी फुटाउन सक्रिय भइरहेकोसमेत उनले दाबी गरेका छन् ।

उनले सामाजिक सञ्जालमा आक्रोश पोख्नु अघि निलम्बनमा परेका जनमतका राष्ट्रिय उपाध्यक्ष दीपक कुमार साहले आफूलाई पार्टी अध्यक्ष सीके राउतले धम्की दिएको आरोप लगाएका छन् ।

वि.सं. ०८१ असोज ७ गते सोमबार करिब १२ बजेर ३८ मिनेटको समयमा फोन गरेर 'साहहरूले पार्टी कब्जा गर्न खोजेका छन्, तिमीलाई बर्बाद गरिदिन्छु' भनेर अध्यक्ष राउतले धम्क्याएको साहले सार्वजनिक गरेका छन् ।



त्यसपछि राउतले पनि घुमाउरो पारामा पार्टी विभाजन गर्न लागेको सामाजिक सञ्जालको माध्यमबाट गद्दार भनेर कडा आलोचना गरे ।

अध्यक्ष राउतको सो धम्कीबारे आफूले पार्टीको स्थायी समितिका सदस्यहरूलाई समेत जानकारी गराएको साहले बताएका छन् । उनले भने, 'पछि महेश यादव र नरेन्द्र चौधरीसँग २/३ पटक छलफल गरेर अन्तमा राउतसँगै बसी अब यस्ता कुराकानी नगर्ने अमूर्त सहमति भएको थियो ।'

साहले अध्यक्ष राउतको त्यो धम्की कार्यान्वयन भएको जिकिर गरे । उनलाई पार्टीले ६ महिनाका लागि निलम्बन गरेको छ । साहले सो कारबाहीलाई अध्यक्ष राउतको सो धम्कीको कार्यान्वयनका रूपमा अर्थ्याएका छन् ।

'त्यो धम्की कार्यान्वयनमा आएको छ ' उनले भने, गैरराजनीतिक पोस्टहरूमार्फत मलाई गद्दार घोषित गरिएको छ । यस्ता कार्यहरू मेरो राजनीतिक छवि समाप्त पार्ने, मानसिक तनाव दिने र चरित्र हत्या गर्ने प्रयास मात्र हुन्,' उनले भनेका छन् ।

साहले आफूविरुद्धका यस्ता प्रचार बन्द गर्नुपर्ने बताउँदै आएका छन् । यदि बन्द नभए आफू आत्महत्या दुरुत्साहन मान्न बाध्य हुने चेतावनीसमेत उनले दिएका छन् ।

उनले पार्टीलाई आफूमाथिको कारबाही फिर्ताका लागि समेत आग्रह गरेका छन् । गत चैत १९ गते पार्टीको अनुशासन समितिलाई पत्र लेख्दै कारबाही फिर्ताका लागि उनले आग्रह गरेका थिए ।

पार्टीले आरोप मात्रै लगाएको उल्लेख गर्दै उनले अध्यक्ष राउतलाई सन्तानको टाउकोमा हात राखेर कसम खान चुनौतीसमेत दिएका छन् । उनले भने, 'कानुनी मान्यता नभए पनि सत्यताको प्रमाणका लागि यदि आरोप लगाउनेले आफ्नो अभिभावक वा सन्तानको टाउकोमा हात राखी सपथ खाए म सम्पूर्ण आरोप स्वीकार गर्न र कारबाही भोग्न तयार छु,' उनले पत्रमा उल्लेख गरेका छन् ।

पार्टीले गत फागुन २१ गते साह र पार्टीका राष्ट्रिय कोषाध्यक्ष सुरेन्द्र यादवलाई ११ बुँदे स्पष्टीकरण सोधेको थियो । उनीहरूले समयसीमा भित्रै स्पष्टीकरण बुझाएका थिए ।

यता अध्यक्ष राउतले पार्टी फुटाउन लागिपरेका शक्ति जिल्ला जिल्ला गएर भेटघाट गरिरहेको बताएका छन् ।

उनले यसअघि समानुपातिक सांसदहरूलाई फिर्ता बोलाउने निर्णय लिए पनि कार्यान्वयन भने गरेनन् ।


मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवलाई मुख्यमन्त्री नबनाइ उनले सतीशकुमार सिंहलाई बनाएका थिए ।

साहले जनमत पार्टी फुटाउनका लागि विभिन्न शक्ति केन्द्रहरूसँग राष्ट्रिय अध्यक्षको विरूद्धमा कुरा लगाएको, भड्काएको र जिल्ला जिल्लामा तथा देशविदेशमा कार्यकर्तालाई फोन गरी पार्टी फोड्नका लागि सहयोग मागेको राउतले आरोप लगाएका छन् ।






# भुस जलाउने क्रममा आगो लाग्दा महिला घाइते



**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा भुस जलाउने क्रममा शरीरमा आगो लाग्दा एक महिला गम्भीर घाइते भएकी छन् ।

बारीमा भुस जलाउने क्रममा शरीरमा आगो लाग्दा यहाँकी एक महिला गम्भीर घाइते भएकी छन् । शनिबार दिउँसो रूपनी गाउँपालिका-६ का सत्यनारायण साहकी श्रीमती ५० वर्षीया अमलादेवीको शरीरमा आगो लाग्दा गम्भीर घाइते भएकी छन् ।

सप्तरी प्रहरीका डीएसपी जितेन्द्र बस्नेतले जनाए अनुसार आफ्नै खेतवारीमा भुस जलाउने क्रममा साडीमा आगो लागेर उनको शरीरमा आगो लागेको थियो । शरीरको ४५ प्रतिशत भाग आगोले पोल्दा उनी गम्भीर घाइते भएकी र उनको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भइरहेको छ ।

यसै गरी कञ्चनरूप नगरपालिका र रूपनी गाउँपालिकामा पनि शनिबार दिउँसो आगलागी हुँदा चारवटा घर र एउटा फर्निचर पसल जलेर नष्ट भएको छ ।

कञ्चनरूप नगरपालिका-१० स्थित भडाहामा आगलागी हुँदा चारवटा घर जलेर नष्ट भएको छ । स्थानीय भरत साहको टिनको छानो भएको घरमा विद्युत् सर्ट भइ आगलागी हुँदा उनको टिनको छाना भएको घर, भान्सा, गोठ र बैठक कोठा पूर्ण रूपमा जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका डीएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

घरमा आगो लाग्दा २ लाख १५ हजार रुपैयाँ नगद, ५० तोला चाँदीका गरगहना, डेढ तोला सुनका गहना, अन्नपात, तीनवटा साइकल र लत्तापकडा सहित अन्य सरसामान जलेर नष्ट हुँदा १५ लाख रुपैयाँ बराबरको क्षति भएको डीएसपी काफ्लेले बताए । वारुणयन्त्र, सुरक्षाकर्मी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको उनले बताए ।

त्यस्तै खड्ग नगरपालिका-८ मा रहेको नगेन्द्र चौधरीको फर्निचर पसलमा पनि शनिबार दिउँसो आगलागी भएको छ । आगलागीबाट उनको फर्निचर पसल जलेर नष्ट भएको जनाइएको छ ।

# अवैध कपडासहित गाडि नियन्त्रण

**टुडे समाचारदाता**

बारा । बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-२३ स्थित भलुवाहि गाउँबाट सशस्त्र प्रहरीले करिब १० लाख आठ हजार रुपियाँ बराबरको लत्ताकपडासहित गाडि नियन्त्रणमा लिएको जनाएको छ ।

बा.प्र.०१-०२७ च ८५०३ नम्बरको टाटा पिकअप गाडिमा वीरगञ्ज महानगरपालिका-१६ भुटनदेवी मन्दिर नजिकबाट लोड गरी जितपु-सिमरातर्फ २० खटिएको सुरक्षा फौजले भन्सार छलिको कपडा र गाडी सोमबार नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी नायब एवम् सहायक प्रवक्ता शैलेन्द्र थापाले गाडिलाई पिछागर्दै आएपछी भलुवाहिमा गाडी छाडेर चालक फरार भएको बताए । बरामद गरिएको सर्टिङ सुटिङको कपडा तथा साडी र पिक अप आवश्यक कारबाहिका लागि वीरगञ्ज भन्सार कार्यायमा बुझाइएको छ ।

बरामद गाडिको भन्सार दाखिला मूल्य २५ लाख रुपैयाँ र लत्ताकपडाको मूल्य १०



बोरा लत्ताकपडा लैजान लागेको भन्ने सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट सशस्त्र प्रहरी नायब उपरीक्षक लोकेन्द्र सुब्बाको कमाण्डमा लाख आठ हजार रुपैयाँसहित जम्मा भन्सार दाखिला मूल्य ३५ लाख आठ हजार रुपैयाँ कायम गरी भन्सार कार्यालयमा बुझाइएको सहायक प्रवक्ता थापाले बताए ।

# सशस्त्र प्रमुख एसपी बस्नेतको उपलब्धि

**सञ्जय मिश्रा**

रौतहट । सशस्त्र प्रहरी बल नम्बर ११ हेक्वा रौतहटका प्रमुख एसपी सन्तोष कुमार बस्नेतले कमाण्ड सम्हालेको ५० दिनको अवधिमा ८५ लाख रुपैयाँभन्दा बढीको अवैध सामान बरामद भएको छ ।

गत फागुन महिना देखि चैतको २२ गतेसम्म हेक्वा रौतहट तथा मातहतका यूनिटहरुबाट खटिएको गस्ती टोलीले तस्करीको माध्यमले भन्सार छली भित्र्याइएको उक्त मूल्य बराबरको भारतीय कपड़ा, किराना, हार्डवेयर लगायतका सामान बरामद गरेको छ ।

रौतहट बसाइको क्रममा सानो अवधिमा भएको उपलब्धि सन्तोषजनक रहेको एसपी बस्नेतले बताए ।

सशस्त्र प्रहरीको गस्ती टोलीले बिभिन्न नाकाबाट अबैध रुपमा भित्रिएको ४५ लाख,८ हजार ८७५ बराबरको कपडा, किराना हार्डवेयरलगायतका सामग्री बरामद गरी आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको एसपी बस्नेतले बताएका छन् ।

त्यस्तै तस्करीको सामग्री ल्याउन प्रयोग गरिएको २४ थान मोटरसाईकल,३ थान साइकल र ३ जना तस्करलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याईएको



उनले जानकारी दिए । सोही अवधिमा स्रोत नखुलेको नेपाली ८ लाख ५९ हजार र भारु ३ लाख ७७ हजार ९०० रुपैयाँ बरामद गरिएको सशस्त्र प्रहरीको सूचनामा उल्लेख गरिएको छ । त्यसैगरि ५० दिनको अवधिमा भारत तर्फ तस्करीको माध्यमले लैजान लागेको विभिन्न ब्राण्डको ६६ कार्टुन मदिरा, ३ क्वीन्टल ३७ किलो भारतीय कुखुरा,६१ कार्टुन भारतीय अण्डा, ४० किलो भारतीय माछा,६१ हजार बराबरको पटखा र २ लाख ७२ हजार बराबरको अबैध सालको काठ बरामद गरी सम्बन्धित निकायमा बुझाईएको सशस्त्र प्रहरी बल नम्बर ११ हेक्वा रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

सशस्त्र प्रहरी बल रौतहटको प्रमुखको जिम्मेवारी सम्भाले पछी भारतीय सिमाना संग जोडिएको संवेदनशील क्षेत्रहरूका साथै अधिकांश भूभागमा, जिल्लाको १८ मध्ये अधिकांश स्थानियतहको स्थलगत निरीक्षण गरिएको एसपी सन्तोष कुमार बस्नेतले बताएका छन् ।

भारतीय क्षेत्र संग जोडिएको २८ किलोमिटर लामो खुला सिमानाको कारण जिल्ला बाट तस्करी पूर्ण रूपमा नियन्त्रण हुन कठिनाई भए पनि संस्थागत अथवा ठूलो परिमाणको तस्करी नियन्त्रण गरिएको एसपी बस्नेतले बताए ।

तस्करी अथवा आपराधिक क्रियाकलाप पूर्ण नियन्त्रण गर्न प्रहरी एक्लैले चाहेर पनि सम्भव नभएकाले त्यस्तो गतिबिधि देखिएमा खबर गर्न उनले रौतहट बासीलाई आग्रह गरेका छन् ।

तस्करी, सीमाक्षेत्रमा हुने अबैध गतिविधि, लगायत आपराधिक क्रियाकलापसंग जोडिएको कुनै पनि सूचना दिने मानिसको नाम पूर्णतया गोप्य राखिने उनले विश्वास दिलाए ।

# आश्रम निर्माणार्थ वृद्धाभत्तादेखि खुत्रुकेसम्म दान

काठमाण्डु । यहाँको मध्यपुरथिमि-३ गठ्ठाघर निवासी ७८ वर्षीया मिश्री देउजा आज वृद्धाभत्ता बापत प्राप्त रकम बोकेर मध्यपुरथिमि नगरपालिका-५ राधेराधेस्थित ज्ञानविज्ञान महायज्ञस्थल पुग्नुभयो ।

बैङ्कबाट आइतबार निकालेको रु ११ हजार १११ वृद्धाभत्ता बोकेर छोरी बिणाको साथमा आइपुग्नुभएकी उहाँले मानव कल्याण समाजले भवन निर्माणार्थ आयोजना गरेको महायज्ञमा दान दिनुभयो । उहाँले भन्नुभयो, "जसको कोही छैन, उनीहरूको भगवान हुन्छ भन्छन्, मेरो वृद्धाभत्ता ती असाहयका लागि सहयोग गर्न पाउँदा मेरो मन आनन्दित छ ।"

काभ्रेको नमोबुद्ध नगरपालिकाबाट आमाको साथमा आएकी सात वर्षीया बालिका आस्भी खनालले खुत्रुकेमा जम्मा गरेको रु पाँच हजार ५५ दान गर्दा धेरैको आँखा रसाए । विगत पाँच वर्षदेखि रक्त क्यान्सरको उपचार गराइरहनुभएका मध्यपुरथिमि निवासी गोविन्दप्रसाद न्यौपानेले यज्ञस्थलमै आएर रु २१ हजार दान गर्नुभयो ।

दुवै मिर्गौलामा खराबी आएपछि उपचार गराइरहनुभएका सूर्यविनायक नगरपालिका-२ बालकोट निवासी नारायण बस्नेतले अस्पतालमा डायलासिस सकाएर सिधै महायज्ञस्थल आएर रु ११ हजार दान दिनुभयो । यी केही प्रतिनिधि पात्रमात्र हुन् । सयौँ ज्येष्ठ नागरिक, बालबालिका र दीर्घरोगीले यहाँ भइरहेको महायज्ञस्थलमा आएर दान गरेका छन् ।

मानव कल्याण समाजकी संस्थापक अध्यक्ष एवं महायज्ञकी कथावाचिका देवीसुमी मानव भन्नुहुन्छ, "यो निस्वार्थ धार्मिक कार्य हो, २०७४ सालदेखि सडकमा रहेका मानवको उद्धार गरी खाना, नाना र छानाको व्यवस्था गर्दै आएका छौँ, असाहयहरूको आवास अस्थायी भयो त्यसैले आफ्ना कोही नहुने बेसाहाराहरूका लागि साहारा बन्न हामीले सहयोगी हात र



मनहरूलाई जोड्दैछौँ ।"

सडकबाट उद्धार गरिएका असहाय सडक एवं बेवारिसे मानवको लालनपालन र स्थायी आवाससहितको दिगो व्यवस्थापनका लागि आयोजना गरेको महायज्ञसँगै भक्तपुरको भौखेलमा जस्ताको टहरामा जीवन गुजारिरहनुभएका बेसाहाराको आश्रम अवलोकन गरिदिनुहुन उहाँले आग्रह गर्नुभयो ।

महायज्ञस्थलमा रु ५१ हजार दान दिने स्थानीय परशुराम कार्कीले भन्नुभयो, "जिन्दगी त सुखुदुःख चलाउन सकिन्छ, तर कोही नहुनेहरूका लागि अलिकति मन फराकिलो बनाउन सहयोग गर्न पाउँदा जीवन जिउनुको सार्थकता मिल्यो, जिन्दगीमा यसैगरी सहयोग गर्न पाइरहियोस् ।"

महायज्ञस्थलमा आज सडकबाटै उद्धार गरिएका सात बालिकालाई गन्यूचोली र छ बालकको चुडाकर्म अर्थात् व्रतबन्ध गरिएको थियो । उक्त कार्यमा स्थानीय दाताको सहभागिताले ती बालबालिकाको मन प्रफुल्लित बनाएको महायज्ञ आयोजना मूल समारोह समितिको सचिवालयका बेद्प्रसाद खरेलले बताउनुभयो । भक्तपुरलाई सडक मानवमुक्त बनाउने अभियान सुरु भएको करिब पाँच वर्षमा जस्ताको टहराबाट मानव कल्याण धाम बनाउन सके धेरै बेसाहाराका लागि दिगो बासस्थानको व्यवस्था गर्न सकिने भएकाले सो महायज्ञ गरिएको जनाइएको छ । महायज्ञ मूल आयोजक समितिका कोषाध्यक्ष नरेश रञ्जितले हालसम्म दाताहरूबाट महायज्ञमा रु ३० लाख सङ्कलन भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सडक मानवमुक्त पार्ने अभियानलाई विगत चार वर्षदेखिनै साथ दिँदै आएका छौँ, यहाँ आफ्नै सन्तानले बाबुआमालाई नहेर्ने जमानामा उहाँले सडकमा अलपत्र मानवलाई उठाएर आश्रम पुर्याएर गरेको सेवा देखेर प्रभावित भइ यो अभियानमा साथ दिएका छौँ ।"

महायज्ञ मूल आयोजक समितिका संयोजक गोपी न्यौपानेले मानव भएर मानवकै लागि सहयोग जुटाउन गरेको महान् कार्यमा सहयोगी हात र मनहरू थपिँदै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "जन्म दिएर नौ महिनाअगाडि सालनालसहित झाडीमा फालिएकी बालिका यही महायज्ञमा नन्दलाला (कृष्ण) बनाएर कृष्णजन्मोत्सवको नाटक प्रदर्शन गरी परिक्रमा गर्दा नौ महिनाकी बालिकालाई सहभागी सबैले कृष्ण भगवान् मानेर दर्शन गर्ने र झाडीबाट उठाएर सेवा घर पुर्याएर सालनाल काटेर ग्रहण गर्ने आमा आज यही महायज्ञमै कथा वाचिका हुनुले सहभागीलाई नतमस्तक बनाएको छ ।"

विसं २०७२ देखि भक्तपुरबाट सडकमा बेवारिसे मानवलाई चाउचाउ, बिस्कुट तथा पानी बाँडेर सुरु भएको यो अभियान २०७४ सालदेखि दाताहरूको सहयोगले भाडाको घर लिएर खरिपाटीबाट सुरु भएको आश्रम हाल भौखेलको टहरा बेसाहाराको आश्रयस्थल बनेको छ ।

समाजले हाल भक्तपुरको भौखेलस्थित टहरामा ४१ जना बेवारिसे सडक मानवको पालनपोषण गर्दै आएको समाजका सचिव विजयकुमार पोखरेलले जानकारी दिनुभयो । त्यसैगरी पशुपति, काभ्रेको पनौती, धुलिखेल, दाङको तुलसीपुर, बाराको निजगढमा गरी ५५ जना अनाथ बालबालिकादेखि असाहय गरी ५०५ जनालाई पालनपोषण गर्दै आएको छ ।

सात वर्षमा दुई हजार १०० सडक तथा बेवारिसे मानवको उद्धार गरी परिवारमा पुनर्मिलन गराइएको छभने सालनालसहित झाडीमा भेटिएका शिशुदेखि, बलात्कारको पीडामा परेकी किशोरी, अनाथ बालबालिका, छोराछोरी विदेश र स्वदशमै सम्पन्न भएर पनि सडकमा आश्रय लिन पुगेका आमाबाबुलाई समाजले आश्रय दिँदै आएको छ ।

आश्रममै अन्तिम विश्राम लिएकाहरूको प्रहरी प्रक्रिया पूरा गरेर सुमी मावनलगायतको संस्थाले दाहसंस्कार गर्दै आएको छ । भारतको उत्तर प्रदेशस्थित बृन्दावनमा श्रीमद् भागवतको कोर्ष पूरा गरेर महायज्ञ वाचिका बनेर अनाथ असाहयहरूको सहारा बन्दै सुमी मानवको अभियानलाई महायज्ञमा आउनेहरूले साथ दिएका छन् ।रासस

# रवि लामिछाने रूपन्देही कारागार चलान

भैरहवा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने कारागार चलान हुनुभएको छ । दुई दिन जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको हिरासतमा राखिनुभएका लामिछाने सोमबार जिल्ला कारागार चलान हुनुभएको हो ।

सोमबार बिहान जिल्ला अदालत पेस गरेर आवश्यक प्रक्रिया समय भएपछि बुटवल पुगेर उच्च अदालतको आदेशको मिसिल बुझेको थियो । मिसिल बुझेर भैरहवा ल्याएपछि जिल्ला प्रहरीको हिरासतबाट लामिछानेलाई अदालत पेस गरिएको थियो ।

जिल्ला कारागारका प्रशासक सुरेश भण्डारीका अनुसार करिब एक घण्टासम्म कारागारमा लामिछानेको स्वास्थ्य परीक्षण गरिएको थियो । त्यसपछि लामिछानेलाई कारागारको




पूरा गरिएपछि उहाँलाई कारागार चलान गरिएको हो । अदालत पेस गरेपछि उहाँलाई थुनुवा पुर्जी दिइएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज कार्कीको नेतृत्वको टोलीले लामिछानेलाई अदालत पेस गरेलगत्तै थुनुवा पुर्जी प्रदान गर्ने प्रक्रिया पूरा गरेर कारागार लगिएको थियो । जिल्ला प्रहरीको टोलीले सोमबार बिहान कार्यालय ब्लक नं ४ मा राखिएको छ । उक्त कारागारमा अहिले लामिछाने मात्रै रहेको प्रशासक भण्डारीले बताउनुभयो ।

लामिछानेलाई राखिएको कक्ष अन्य कैदीबन्दीलाई राखिएका भवनभन्दा बाहिर रहेको छ । शुक्रबार राति काठमाडौँमा पक्राउ गरेर लामिछानेलाई शनिबार बिहान भैरहवा ल्याइएको थियो । दुई दिन बिदा भएपछि उहाँलाई शनिबार र आइतबार जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको हिरासतमा राखिएको थियो ।

सोमबार बिहान अदालत लैजानुअघि सदरमुकाम भैरहवाको सुरक्षा व्यवस्था कडा बनाइएको थियो । जिल्ला प्रहरीबाट अदालत जाने बाटो र अदालत परिसर आसपास नेपाल र सशस्त्र प्रहरी तैनाथ गरिएको थियो । त्यस्तै, जिल्ला कारागार परिसर र आसपास पनि बाक्लो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । बुटवलको सुप्रिम सहकारी ठगी र सङ्गठित अपराधसम्बन्धी मुद्दामा उच्च अदालत तुलसीपुर बुटवल इजलासले शुक्रबार थुनामा राख्न आदेश दिएपछि प्रहरीले लामिछानेलाई पक्राउ गरेको थियो ।

जिल्ला अदालत रूपन्देहीले दिएको रु एक करोड धरौटी लिएर छाड्ने आदेश बदर गर्दै उच्च अदालतले लामिछानेलाई थुनामा पठाउने आदेश दिएको हो । गत माघ १३ गते जिल्ला अदालत रूपन्देहीले रवि लामिछानेलाई एक करोड धरौटी रकम माग गरेको थियो भने छविलाल जोशीलाई माघ २९ गते पुर्पक्षका लागि कारागार चलान गरेको थियो ।समान प्रकृतिको मुद्दामा एकजनालाई धरौटी र अर्कालाई थुना भएपछि सरकारी वकिल कार्यालयले लामिछानेलाई पनि थुनामै राख्नुपर्ने माग गर्दै उच्च अदालत पुगेको थियो ।रासस


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दाम्पत्य जीवन सुखद रहनेछ। खर्च बढ्ने संकेत छ, सचेत रहनुहोस् ।
वृष : मित्र टाढिन सक्छन्, सचेत रहनुहोस् । नयाँ रोगको जोखिम छ ।
मिथुन : आर्थिक लाभ हुनेछ । शिक्षामा गरेको मेहनत सफल हुनेछ ।
कर्कट : स्वास्थ्यमा सुधार आउनेछ । मानसिक शान्ति बढ्नेछ ।
सिंह : योजनामा अवरोध आउन सक्छ । दृढताले सफलता मिल्नेछ ।
कन्या : सम्पत्ति आर्जनको अवसर मिल्नेछ । साथीभाइको सहयोग पाइनेछ ।
तुला : बोल्दा विचार पुर्याउनुहोस् । पुरानो रोगबाट मुक्ति मिल्नेछ ।
वृश्चिक : बोल्ने क्रममा विचार पुर्याउनुहोस् । शिक्षामा लगानी लाभदायक हुनेछ ।
धनु : परिश्रमको फाइदा आफन्तले उठाउन सक्छन् ।
मकर : झुटा आरोप लागन सक्छ । खर्च बढ्ने सम्भावना छ ।
कुम्भ: ईर्ष्यालु सक्रिय रहनेछन्, विवेकपूर्वक निर्णय लिनुहोस् ।
मीन : दाम्पत्य जीवन सुखद रहनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जयनगर-जनकपुरधाम-भंगहा-बिजलपुरा ब्रोडगेज रेलमार्ग र पूर्व-पश्चिम रेलमार्गलाई जोड्ने महोत्तरीको बर्दिवासमा ५९ बिघा जग्गा क्षेत्रफलमा निर्माणाधीन बर्दिवास स्टेशन। *तस्बिरः रासस*

# 'धरानको खानेपानी समस्या समाधान हुन्छ'

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले वर्षौँदेखिको धरानको खानेपानी समस्या समाधानको पहल भइरहेको बताउनुभएको छ।

सोमबार सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई नेतृत्वको एक प्रतिनिधिमण्डलले खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि बजेट विनियोजन गर्न आग्रहसहितको मागपत्र पेस गर्नुभएको थियो। सो मागपत्र बुझ्दै मन्त्री यादवले भन्नुभयो, "धरानको खानेपानी समस्याका विषयमा मसहित सिङ्गो मन्त्रालय जानकार छ।

त्यहाँको खानेपानीको दीर्घकालीन समाधान गर्नेतर्फ हामी लागिरहेका छौँ।"



मन्त्री यादवले सो समस्या दातृ निकायसँगको सहयोगमा समाधान गरिने आश्वासन दिनुभएको थियो। गर्मी सुरु भएकाले अहिले धरानमा खानेपानीको काकाकुल अवस्था सृजना भएकाले नागरिकलाई साह्रै दुःख भएको नगरप्रमुख राईले गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "पानीको समस्या पहिलेदेखि थियो, अहिले गर्मी सुरु भएकाले झन् समस्या भयो, स्थायी रूपमा समस्या समाधनाका लागि बजेट माग गर्न आएका हौं।"रासस

# 'राजनीतिक अस्थिरता र सामाजिक अराजकता मुलुकका चुनौती'

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले राजनीतिक अस्थिरता र सामाजिक अराजकता अहिले मुलुकका चुनौतीका रूपमा देखिएको बताउनुभएको छ।

राष्ट्रिय युवासङ्घ शिक्षा विभागको आयोजनामा युवा साहित्यिक सम्मेलनको सोमबार यहाँ उद्घाटन गर्दै उहाँले राजनीतिक अस्थिरता र सामाजिक अराजकता लामो समयसम्म नजाने बताउनुभयो। महासचिव पोखरेलले राजनीतिक अस्थिरता र सामाजिक अराजकता जस्ता चुनौतीलाई चिर्न दुई



ठूला दल सरकारमा सहभागी भएको बताउनुभयो।

उहाँले युवा पुस्ता परम्परागत कृषिमा जोडिन नचाहँदा विदेश पलायन बढेको बताउनुभयो।

"नयाँ पुस्ता परम्परागत कृषिमा संलग्न हुन चाहेन, जसले सबैभन्दा धेरै रोजगारी दिन्थ्यो, त्यो रोजगारीबाट युवाहरू अलगिए, आज समाजमा जुन प्रकारको मानव शक्ति व्यवस्थापन चुनौती छ, त्यसका कारण भनेको शिक्षित युवा कृषिबाट विमुख हुनु हो", उहाँले भन्नुभयो।

उहाँले परम्परागत कृषि प्रणालीलाई रूपान्तरण गरी व्यावसायिक कृषि प्रणाली विकास गरेर देशमा रोजगारीको अवसर सृजना गर्नुपर्नेमा जोड दिनुभयो। "देश रातारात बन्दैन। समय लाग्छ। २०१५ साल यता जम्मा १७ वर्षमात्र राजनीतिक दलले नेतृत्व गर्न पाएका छन्", उहाँले भन्नुभयो, "राजनीतिक दलले नेतृत्व गर्ने समय पर्याप्त नपाएर मुलुक नबनेको हो।"कार्यक्रममा युवा सङ्घका अध्यक्ष क्षितिज थेवेले युवालाई सामाजिक अराजकताबाट टाढा राख्नुपर्ने धारणा राख्नुभयो। सङ्घका शिक्षा विभाग प्रमुख तथा सचिव कुवेर अधिकारीलेआजको आवश्यकता युवाहरूमा सकारात्मक सोचको विकास गरी आत्मविश्वास दिलाउन र नयाँ सोचका साथ राष्ट्र निर्माणमा योगदान गराउन सम्मेलन आयोजना गरिएको बताउनुभयो।

सम्मेलनमा युवाहरूले मुलुकका लागि सकारात्मक सन्देशमूलक कविता, गजल, निवन्ध, वकृत्वकला वाचन गरिने जनाइएको छ। उत्कृष्ट हुनेलाई पुरस्कार समेत व्यवस्था गरिएको आयोजकले जनाएको छ। सम्मेलनमा हुने वतृत्वकलामा ११० तथा गजल, कविता र निवन्धमा ४०० सहभागी छन्।रासस

# "संविधान संशोधनको लागि सबै दलहरु मिल्नुपर्छ" सांसद आचार्य

काठमाण्डु। विसं २०३३ देखि नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी सङ्घबाट राजनीतिक यात्रा सुरु गर्नुभएका सुरेन्द्रराज आचार्य अहिले प्रतिनिधिसभाको सांसद हुनुहुन्छ। पूर्व महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री आचार्य अहिले कांग्रेसको लुम्बिनी प्रदेशको महामन्त्री हुनुहुन्छ । कपिलवस्तु जिल्लाको सभापति हुँदै उहाँ २०६९ सालमा सभासद् भन्नुभएको थियो। उहाँ २०७९ सालको प्रतिनिधिसभाको निर्वाचनमा कपिलवस्तु-२ बाट ३९ हजार १४ मत प्राप्त गरेर निर्वाचित हुनुभएको हो। सांसद आचार्यसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंश।

भ्रष्टाचार देशको रोग जस्तै बनेको छ। सुशासनको निम्ति यसको अन्त्य हुन जरुरी छ।

स्थानीय तहदेखि माथिसम्मनै भ्रष्टाचारले गाँजेको छ। त्यसकारण भ्रष्टाचारको अन्त्य गर्दै जनतालाई छिटोछरितो सेवा सुविधा दिने काममा तीनै तहको सरकार लाग्नुपर्छ। सरकारले सोचेअनुरुप काम गर्न नसक्दा जनतामा अलिकति वितृष्णा पैदा भएको छ। अहिले सुशासन पनि फितलो बन्दै गएको छ। राजाको चाहाना गरेर जनता त्यसतर्फ आकर्षित भएका होइन्। दल र दलका नेताहरुको क्रियाकलापप्रति असन्तुष्टी पैदा भएको हो। नेताप्रतिको असन्तुष्टी पोख्ने ठाउँ राजसंस्था जस्तो देखिएको मात्रै हो। दलप्रतिको वितृष्णाले उब्जाएको वितृष्णा हो।

आम जनताको चाहाना अनुसार देशको सत्ता, शासन, प्रशासन चलेको खण्डमा जनता सन्तुष्ट हुन्छन्। खाली पार्टीगत स्वार्थभन्दा पनि देशको हितमा देशको स्वार्थको निम्ति काम गरियो भने टिकाउ हुन्छ। नेताहरुले पार्टी र कार्यकर्ताको लागि मात्रै सोच्ने हो भने दीर्घकालीन रुपमा राम्रो प्रभाव दिँदैन।

देशभित्रै रोजगारीको सिर्जना गर्न सकेको खण्डमा मात्रै युवा पलायन रोक्न सकिन्छ जस्तो लाग्छ। अहिले खाडीमूलुक जाने र अध्ययनको सिलसिलामा जाने लहर चलेको छ। आफ्नै देशमा रोजगारीको अवसर नभएका कारण यो अवस्था आएको हो। यसको न्यूनीकरण गर्न शिक्षामा सुधार गर्दै उद्योग कलकारखानाको व्यवस्था गर्नुपर्छ। देशभित्र रोजगारीको सवालमा विस्तृत रुपमा अध्ययन गरेर आफ्नै स्रोत-साधनबाट रोजगारी सिर्जना गर्नुपर्छ। हाम्रो देश पर्यटनको सवालमा धनी छ। पर्यटनको सम्भावना भएका ठाउँमा सबै खाले विकास गरेर पर्यटनबाट रोजगारी सिर्जना गर्न पनि सकिन्छ।

त्यसतर्फ युवालाई आकर्षण गर्नुपर्छ। युवाशक्ति पलायन हुने राम्रो सङ्केत पक्कै पनि होइन।

वास्तबमा सङ्घीयता आइसकेपछि संविधानमा केही संशोधन गर्नुपर्ने आवश्यकता छ। संविधानमा केही नमिलेका कुरा मिलाउनुपर्ने छ। संविधान संशोधन एउटा सिङ्गो कांग्रेसले मात्रै गर्न सक्ने कुरा होइन। संशोधनको लागि सबै दलहरु मिल्नुपर्ने छ। जतनाको चाहाना अनुसार देशको संविधान, ऐन/कानुन, नीतिनियम बन्नुपर्छ। प्रदेशमा प्रर्याप्त कानुन बन्न नसक्दा काम गर्न समस्या भएको छ। आवश्यक कानुन बन्न नसक्दा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार

> "राजाको चाहाना गरेर जनता त्यसतर्फ आकर्षित भएका होइन्। दल र दलका नेताहरुको क्रियाकलापप्रति असन्तुष्टी पैदा भएको हो"

बाझिएको छ। निजामति कर्मचारी र प्रहरी प्रशासन सञ्चालन, कर्मचारीको



सरुवामा समस्या पैदा भएको छ। कानुन बन्न नसक्दा विकासको कामले पनि गति लिन सकेको छैन। यी सबै विषयलाई सुधार गरेर समयसापेक्ष लैजानुपर्ने छ। हामीले सङ्घीयता दिऔँ। तर त्यसअनुसार कानुन नबन्दा समस्या देखिएको छ। समानुपातिक प्रणालीप्रति पनि जनता त्यति सन्तुष्टी देखिएका छैनन्।

सदनमा जनताका सवाल नउठ्ने होइन उठ्छन्। तर त्यस अनुसार सरकार गम्भीर भएर लागेको पाइँदैन। संसद्मा विषय उठाउने मात्रै काम भएको छ। तर कार्यान्वयन फितलो छ। सांसदले समय सापेक्ष सदनमा उठाएका विषयलाई गम्भीरतापूर्वक लिएको देखिँदैन। अहिलेको सरकारको प्रमुख प्राथमिकता भनेको संविधान संशोधन पनि हो।

त्यसको लागि सिङ्गो संसद् एक हुनुपर्छ। तर अहिलेको राजनीतिक परिस्थिति पनि त्यति ठिक छैन। जनता पहिलाको जस्तो छैनन्।

अहिलेका जनता सचेत छन्। त्यसकारण जनताको चाहाना अनुसार संशोधन गर्नुपर्ने छ। जनताको भावना अनुसार राज्य, सरकार र जनप्रतिनिधि चलेनन् भने जनताको निराशा बढ्दै जाने देखिन्छ। हामीले संविधान बनाऔँ। तर संविधानमा भएका केही कमिकमजोरी समयसापेक्ष सुधार गरेर जान सकेका छैनौँ। देशको संविधान परिवर्तननै गर्न नसक्ने भन्ने होइन। तर जहाँजहाँ कमिकमजोरी छन्, त्यसलाई सुधार गरेर जाने हो भने परिणाम पनि राम्रो दिन्छ। तर उही पुरानै ढर्रामा लाग्न खोजियो भने संविधानप्रति जनताको वितृष्णा आउन सक्छ। त्यो भोलि थेग्न नसक्ने अवस्था पनि आउन सक्छ।

कपिलवस्तु जिल्लामा त्यति धेरै उद्योगधन्दा, कलकारखाना छैन्। कपिलवस्तुको मुख्य पेसा भनेको कृषि पेसा हो। त्यसको लागि समयमै सिँचाइ र मलखादको प्रर्याप्तता हुन जरुरी छ। कपिलवस्तुमा जमिनको चक्लाबन्दी भयो भने किसानले एकै ठाउँमा सिँचाइ र तारबारको प्रन्बन्ध गर्न सक्ने थिए। सिँचाइ मन्त्रालयले एउटा बोरिङ दिन्छ। एउटा टुबेल दिन्छ। त्यो किसानले एउटा खेतमा गाडेको हुन्छ। तर उस्को खेत साना-साना गरी दश ठाउँमा हुन्छ। त्यसले गर्दा यहाँको उब्जनीमा घाटा हुँदै गएको छ। एउटा खेतमा सिँचाइ हुँदा अर्को खेत बाजै रहने हुन्छ।

अहिले कपिलवस्तुका जनताको माग भनेको चक्लाबन्दी जग्गा हुनुपर्ने हो। त्यसो गर्न सकेको खण्डमा किसान कृषिप्रति आकर्षित गर्न सकिन्छ। यो समस्या कपिलवस्तुको मात्रै होइन। देशैभरिका किसानको माग हो।

यो कुरा मैले संसद्मा पनि पटक-पटक उठाएको छु। फेरि पनि यो समस्या उठाउन आवश्यक छ। तराईका जिल्लाको मुख्य समस्या नै यही छ अहिले। अहिलेको समस्या भनेको जनतालाई रोजगारी दिन नसक्नु हो। सडक, पुल निर्माण गर्ने हो। जनताको शिक्षा, स्वास्थ्य समस्या मुख्य कुरा हो। त्यसतर्फ ध्यान दिने अबको मेरो योजना छ।रासस

# 'विदुषी योगमाया हिमालयन विश्वविद्यालय सरकारको प्राथमिकतामा'

किमाथाङ्का। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय सरकारले उच्च प्राथमिकतमा राखेको बताउनुभएको छ।

सदरमुकाम खाँदबारीमा सोमबार विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको दीर्घकालीन गुरु योजना तर्जुमा राष्ट्रिय परामर्श कार्यक्रममा मन्त्री खड्काले सो विश्वविद्यालयको उपकुलपति र कर्मचारी चाँडै नियुक्त गरिने बताउनुभयो। दीर्घकालीन गुरु योजना तर्जुमा राष्ट्रिय परामर्श गोष्ठीबाट आयुर्वेद विश्वविद्यालय सञ्चालनमा सहयोग पुग्ने उहाँले बताउनुभयो। विश्वविद्यालयका लागि सरकारले आवश्यक सबै प्रक्रिया अघि बढाएको मन्त्री खड्काले बताउनुभयो।

त्यस्तैगरी दिर्घकालीन गुरु योजना तर्जुमा राष्ट्रिय परामर्श कार्यक्रमम विश्वविद्यालयको पूर्वाधार गुरु योजना, डिपिआर तयार लगायतका विषयमा छलफल भएको विदुषी योगमाया हिमालयन विश्वविद्यालयका अध्यक्ष डा अर्जुन कार्कीले बताउनुभयो। बैठकको पूर्व तयारीको रुपमा सरोकारवाला परिषद सदस्यहरु र विषय विज्ञहरुसँग दीर्घकालीन गुरु योजना



तर्जुमा राष्ट्रिय परामर्श गोष्ठी राखिएको उहाँले बताउनुभयो। मङ्गलबार विश्वविद्यालयको केन्द्रीय कार्यालयमा बस्ने परिषद् बैठकले उपकुलपति र रजिष्टार नियुक्त गर्ने प्रक्रिया सुरु गरिने अध्यक्ष कार्कीले बताउनुभयो।

विश्वविद्यालय सञ्चालनका लागि संखुवासभाको खाँदबारी नगरपालिका-९ र भोजपुरको षडानन्द नगरपालिका-६ मा जग्गा अधिग्रहण गरिएको छ। भोजपुरमा दुई सय ३३ र संखुवासभामा तीन सय ७२ रोपनी जग्गा अधिग्रहणका लागि रकम निर्धारण गरी अधिकांश जग्गा प्राप्ति भएको छ। भवनलगायतका भौतिक पूर्वाधार निर्माण कार्य भने अघि बढ्न सकेको छैन।

सतिप्रथाको अन्त्यका लागि लड्ने क्रान्ति योद्धा योगमायाको जन्म १९१७ सालमा भोजपुरको षडानन्द-१ नेपालेडाँडामा भएको हो। देशमा जकडिएको सतिप्रथा अन्त्यका लागि पटक-पटक तत्कालीन राणा सरकारसँग माग गर्दा कुनै निर्णय नभएपछि योगमायासहित ६८ जनाले समाधि लिएका थिए।

सतिप्रथा, छुवाछूत प्रथा अन्त्यका लागि आफ्नो अभियानको नारा लगाउँदै १९९८ असार २२ गते अरुण नदीमा योगमायासहित ६८ जनाले मृत्युवरण गरेका थिए। उहाँहरूले समाधि दिएको ठाउँ षडानन्द-६ को मझुवाबेँसीमा पर्दछ। समाज सुधारका लागि कुरीति, अन्धविश्वासको विरोधको त्यो समयमा अभियान चलाउने साहसी महिलाका रूपमा योगमायालाई चिनिन्छ।रासस

# डढेलो रोकथाम गर्न निर्देशन

काठमाण्डु। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को आज सम्पन्न १७औँ बैठकले पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चातको पुनर्निर्माण तथा पुनःस्थापना योजनाको कार्यान्वयन अवस्थाको समीक्षा गरेको छ।

प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको उक्त बैठकमा गत पुस २८ गतेको १६औँ परिषद् बैठकबाट स्वीकृत पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापना योजनाको कार्यान्वयन अवस्थाबारे जानकारी गराइएको थियो। योजना स्वीकृतिपछि गत माघ २ गतेदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनर्निर्माण कार्य थालनी भएको




थियो। आजको बैठकमा उक्त योजनामा छुट भएका संरचनाको पुनर्निर्माणका लागि प्राप्त प्रस्तावलाई सम्बन्धित मन्त्रालयबाट यथार्थ पुनरावलोकन गराई आवश्यकता र प्राथमिकताका आधारमा समावेश गर्ने निर्णय भएको छ।

बैठकले वन डढेलो र त्यसका कारणले सिर्जित वायु प्रदूषणको अवस्थालाई ध्यानमा राखी डढेलो रोकथाम तथा नियन्त्रण गर्न गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिएको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाका लागि सडक तथा यातायात, सरकारी भवन तथा सहरी पूर्वाधार, विद्युत् वैकल्पिक ऊर्जा र सिँचाइ, निजी आवास, शैक्षिक संरचना, स्वास्थ्य संरचना, खानेपानी सरसफाइ तथा स्वच्छता र पुरातात्विक संरचनालाई प्राथमिकताका क्षेत्रमा समावेश गरेको छ। सोह्रौँ बैठकले डोटी तथा जाजरकोट केन्द्रविन्दु भई भएको भूकम्पपश्चातको क्षति आकलन, निजी आवास पुनर्निर्माण तथा प्रबलीकरण प्रक्रिया प्रारम्भ गर्ने पनि निर्णय गरेको थियो।

प्रधानमन्त्री ओलीले पुनर्निर्माण र पुनर्स्थापनाको कार्यमा प्राधिकरणले गति लिनुपर्नेमा जोड दिनुभयो। उहाँले विपद्का समयमा उद्धार र राहतका लागि गृह मन्त्रालय र सुरक्षा निकायलाई आवश्यक तयारी गर्न निर्देशन दिनुभयो।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, मन्त्रीगण, विभिन्न प्रदेशका मुख्यमन्त्री, प्रमुख प्रतिपक्षी दलका तर्फबाट नेकपा (माओवादी केन्द्र) का उपमहासचिव शक्तिबहादुर बस्नेत, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापतिसहित सुरक्षा निकायका प्रमुखलगायतको उपस्थिति थियो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# नाउपा र जनमतबीच एकीकरण सकारात्मक

तराई-मधेश केन्द्रित दलहरु विभाजित र सत्ता महत्कांक्षी बनेकाले नेपालमा अधिकारको आन्दोलन निकै कमजोर र नेताहरु बदनाम बनेका छन् । तराई-मधेशलाई राजनीतिको केन्द्र बनाए पनि पहाडी भेगका नेतालाई प्राथमिकता दिने जनता समाजवादी पार्टी(जसपा) नेपाल पछिल्लो पटक विभाजन भएपछि अत्यधिक कमजोर देखिएको छ । लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल पनि संगठनात्मक रुपमा अत्यन्त कमजोर बनेको छ । राजेन्द्र महतोले लोसपा छाडेर अर्कै राष्ट्रिय मुक्ति पार्टी गठन गरिसकेका छन् । अशोक राईको नेतृत्वमा गठन गरिएको जनता समाजवादी पार्टी तराई-मधेशको मुद्दाबाट अलग भइसकेको छ । यस्तो अवस्थामा नागरिक उन्मुक्ति पार्टी( नाउपा) र जनमत पार्टीबीच एकीकरण हुनु अत्यन्त सकारात्मक हो । सुदुरपश्चिमको थरुहट क्षेत्र र मधेश प्रदेशमा संगठन रहेको नाउपा र जनमत पार्टीबीच एकीकरण भएसँगै तराई-मधेशमा नै संगठन विस्तार हुने छ । नाउपा र जनमत पार्टी पहिलो २०७९ सालमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा अलग-अलग भएर सहभागी भएका थिए । दुवै दलले पहिलो पटक चुनावमा भाग लिएपनि नतिजा राम्रै ल्याएको थियो । दुवै दलको एकताले तराई-मधेशमा संगठन विस्तार हुने बलियो सम्भावना छ । डा.सी.के.राउतको नेतृत्वमा स्थापना भएको मधेश केन्द्रित जनमत पार्टी र रेशम चौधरीको नेतृत्वमा सुदूरपश्चिमको कैलालीलाई आधार क्षेत्र बनाएको नाउपा पार्टी संघीय सरकारमा पनि सहभागी भइसकेको छ । राउतले २०७५ सालमा नै पार्टी स्थापना गरे पनि पछिल्लो समयमा संस्थापकहरुलाई नै कारबाही गर्दै पार्टीलाई एकलौटी गरेका छन् । पार्टीमा फरक धारणा राख्ने र राख्न सक्ने सबैलाई राउतले पार्टीबाट पाखा लगाइसकेका छन् । २०७८ सालमा रेशम चौधरी आफू संरक्षक भएर पत्नी रञ्जिता श्रेष्ठको अध्यक्षतामा गठन गरेको पार्टी नाउपामा पनि चरम विवाद देखिएको छ । अध्यक्ष श्रेष्ठ र संरक्षक चौधरीबीच नै गम्भीर विवाद उत्पन्न भएको थियो । आन्तरिक विवादमा रहेको दुवै पार्टी बीचको एकता कति दीर्घकालीन रहने त्यो दुवै नेताले विगतको अनुभवबाट तय गर्नेछन् । दुई पार्टीबीचको एकतामा शीर्ष तहमा संरक्षकको पद र भूमिका सहित रेशम चौधरी, कार्यकारी अध्यक्षमा राउत र सह अध्यक्षमा श्रेष्ठ रहने सहमति भइसकेको छ । दुवै दलले केन्द्रिय समितिमा ५०/५०प्रतिशत सदस्य राख्ने सहमति भएको छ । दुबै दल एकीकरणको ठोस गृहकार्य र सहमति गरी वैशाखको १५ सम्म घोषणा गर्ने तयारी गरेको छ । यसले तराई-मधेशमा सकारात्मक सन्देश प्रवाह गर्ने छ । हालै तराई/मधेश केन्द्रित ७ दलले बनाएको लोकतान्त्रिक मोर्चाले सकारात्मक चर्चा पाएको छ । एकीकृत भएर गठन हुन लागेको नागरिक जनमत पार्टीका नेताहरु तराई-मधेशका वासिन्दाको हक अधिकार स्थापना गराउन सफल होस् ।

# ओली–मोदी भैँटका आयामहरु



रोशन जनकपुरी

नेपाल-भारत कूटनीतिमा एउटा उखान पटक पटक दोहोर्‍याइने गरिन्छ : 'तपाँई मित्र बदल्न सक्नु हुन्छ, तर छिमेकी बदल्न सक्नु हुन्न ।'

चार दिन पहिले बैंककमा बिमस्टेक सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीको साइडलाइन भैंट भएको खबर अहिले दुबै देशको मिडियामा प्रमुखताका साथ चर्चामा छ । खबरहरुको प्रवृत्ति हेर्दा दुई नेताहरुको वार्ता सकारात्मक भएको सन्देश दुबै पक्षबाट प्रवाहित गरिरहेको देखिन्छ ।

वर्षौंदेखि दुई देश बीचको विवादित क्षेत्रको रुपमा रहेको नेपाली भूभाग लिम्पियाधुरा क्षेत्रमा भारतले सडक बनाएर गरेको अतिक्रमणको विरोधमा नेपालले विवादित भूमि सहित नया नक्सा जारी गरेपछि, विगत चारवर्षदेखी दुईदेश बीचको सम्बन्ध बिग्रिएको थियो । नयाँ नक्सा संसदको सर्वसम्मतिमा जारी भएको थियो, तर त्यतिबेला प्रधानमन्त्रीको कुर्सीमा ओली रहेको हुनाले भारतीय सत्ता उनीप्रति कटु नै रहेको देखिन्छ ।

त्यसपछि कयौं पटक सरकारहरु फेरिए, नक्साबारेमा प्रायः सबै प्रधानमन्त्रीको धारणा समान नै रह्यो । तर भारतीय मिडिया तुलनात्मक रुपमा अरुभन्दा ओलीप्रति बढी आक्रामक देखिँदै आएको हो । समग्रमा विगत चारवर्षदेखि नेपाल र भारतबीचको कूटनीतिक सम्बन्धमा छिमेकी सम्बन्धको उष्णता अनुभूत भै रहेको थिएन ।

नेपाली भूमि अतिक्रमणको दृष्टिले, यस मामिलापछि रुष्टताको मात्रा नेपाल तर्फ बढी हुनुपर्ने थियो, तर यसको उल्टो बेला बेलामा भारतले नै बढी रुष्टता अभिव्यक्त गर्ने गरेको थियो । नेपाल र भारतबीचको सीमा विवाद समाधान गर्न दुबैदेशका प्रबुद्ध व्यक्ति सम्मिलित 'नेपाल-भारत प्रबुद्ध समूह (इपिजी)ले तयार पारको प्रतिवेदन भारतले बुझ्न नमानेर छवर्षदेखि अलपत्रको स्थितिमा छ । यस विषयमा भारतीय सरकारको मौन उपेक्षाले नेपालमा राजनीतिक र जनस्तरमा दुई देश बीचको सम्बन्धमा स्थायी कटुता देखिन्छ । सम्भवतः भारतीय सत्तापक्ष यस प्रतिवेदनलाई उपेक्षा गरेर आफ्नो कूटनीतिक सम्बन्ध बढाउन चाहन्छ, जुन कम्तीमा वर्तमान नेपाली राजनीतिक वातावरणमा सम्भव छैन ।


नेपाल र भारतबीचका यी कूटनीतिक समस्याहरुको विषयमा भारतीय सत्ता समर्थक कर्पोरेड मिडियाका विशेषज्ञहरु अधिकतर नेपालका कम्युनिस्टहरु प्रति अनुदार देखिने गर्छन् । त्यसमा पनि प्रम ओलीप्रति भारतीय सत्ता र मिडिया अलि बढी नै अनुदार देखिने गर्छ । भारतीय मिडियाले उनलाई बेइजिङ्ग निकटको भनेर चित्रित गर्ने गर्छ ।

नेपालमा प्रधानमन्त्री भएपछि प्रायः भारतले औपचारिक भ्रमणको निम्तो दिने चलन, नेपालको प्रधानमन्त्री भारत भ्रमणमा जाने अघोषित चलन झैं रहँदै आएको थियो । गणतन्त्र स्थापनापछि पहिलो पटक नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा उनले पहिलो भ्रमण चीनतर्फ गरेर यस अघोषित चलनलाई तोडेका थिए । यद्यपि उनले आफ्नो चीन भ्रमणलाई अनौपचारिक र पहिलो औपचारिक भ्रमण भारत नै गर्ने भनेर सन्तुलन मिलाउन खोजका थिए । यस पटक ओली प्रधानमन्त्री भएको नवौं महिना शुरु भएको छ, उनले चीन भ्रमणपनि भ्याईसकेका छन्, तर भारतीय सत्ताबाट उनलाई भारत भ्रमणको निम्तो आएन ।

दुई देशका परराष्ट्र मन्त्रालय र कूटनीतिक एजेन्सीहरुका शब्दहरु प्रायः सन्तुलित नै सुनिने गर्छन्, तर व्यवहारको स्तरमा सम्बन्धको चीसोपना पटक पटक अभिव्यक्त हुने गर्छ । लाग्छ दक्षिणी छिमेकी नेपाललाई बहुआयामिक क्षेत्रमा गलाएर सीमा अतिक्रमणको विवादलाई तुहाउन चाहन्छ र आफ्नो 'ठुल्दाई'को हैसियत कायम राख्न चाहन्छ ।

वस्तुतः नेपालमा राजनतिक विकासमा भारतले शुरुदेखि नै सांस्कृतिक र राजनीतिक रुपमा सबैभन्दा निकटको भूमिका खेल्दै आएको छ । यसले दुईदेशको राजनीति र जनता दुबैस्तरको सम्बन्धमा निकटतम् हार्दिकता जन्मिनुपनि स्वाभाविकपनि हो । यसलाई केही भारतपक्षीय कूटनीतिज्ञहरुले भारतीय भूमिकालाई अभिभावकीय रुपमा समेत चित्रित गर्ने गरेका छन् । यसको कूटनीतिक आसय भनेको हाम्रो दक्षिणी छिमेकी हाम्रो सबै इस्युहरुमा चासो राख्न चाहन्छ । तर देशमा गणतन्त्र स्थापनापछि र विगत एक दशकदेखी विश्व राजनीतिमा आएको परिवर्तनहरुले कुनैपनि देशको कूटनीति एकपक्षीय रहनु सम्भव छैन । अझ नेपाल जस्तो दुई जायन्ट देशबीच भूपरिवेष्ठित रुपमा अवस्थित देशमा झन् सम्भव छैन । तर यसले हाम्रो दक्षिणी छिमेकीको हामीप्रतिको कूटनीतिक अभिभावकत्व प्रभावित हुन्छ । यसले दुई देशको सीमा विवादमा नेपालको स्वतन्त्र तर्क र हैसियतको व्यवहारपनि मन नपरेको उसको एजेन्सीहरुको कूटनीतिक विज्ञप्तिहरु बाट बेला बेलामा अभिव्यक्त हुने गर्छ । हुन त नेपालको स्वतन्त्रता र सार्वभौमिकतालाई राजनीतिक स्तरमा भारतले सम्मान गर्दै आएको छ, तर दुई छिमेकी देश बीच तथा विश्व राजनीतिमा नेपालको स्वतन्त्र कूटनीतिक चाहना मन परेको देखिँदैन ।

लिम्पियाधुरा, लिपुलेक तथा कालापानी जस्ता सीमा विवादमा नेपालको राजनीतिक प्रतिरोध दुईदेश बीचको सम्बन्धमा सबैभन्दा चीसो उदाहरण छ । यसैकारण विगत ६ वर्षदेखि भारतीय सहयोगका केही ठुला परियोजनाहरु अलपत्र छन्, भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडानको निम्ति रुट दिनमा भारतीय विदेश मन्त्रालयले सार्वजनिक रुपमा अस्वीकार गरिरहेको छ । जनस्तरमा दुई देशको सम्बन्धमा सौहार्द्रता नै देखिन्छ । तर राजकीय सम्बन्ध, विकासकार्य तथा कूटनीतिकस्तरमा सम्बन्धको चीसोपना भने लामो समयदेखि कायम छ । एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीको कुर्सीमा आसीन भएपछि, प्रत्यक्ष-अप्रत्यक्ष रुपमा कूटनीतिक सम्बन्ध सुधारका अनेक प्रयत्न गर्दै आएको देखिन्छ । परराष्ट्रमन्त्रीमा नेका अध्यक्ष शेरबहादुर देउवाकी श्रीमती आरजू राणा देउवाको चयनपनि यसै आशामा भएको अनुमान गर्न सकिन्छ । श्रीमति आरजू राणा भारतमा सत्ताधारी पार्टी भारतीय जनता पार्टीको विदेश विभाग प्रमुख विजय चोथाइवालालाई राखी बाँध्ने मुँहबोली बहिनी भएको सर्वविदित नै छ । ओलीले सम्भवतः सम्बन्ध सुधारकै आशमा परराष्ट्रमन्त्री श्रीमति राणालाई पटक पटक दिल्ली पठाउने गरेको पनि विश्लेषण मिडियाहरुमा देखियो । तर यति गरेपनि दुई देशको बीच सम्बन्धको चीसोपना यथावत नै थियो । बरु राजावादीहरुको प्रदर्शनमा जसरी उत्तरप्रदेशको मूख्यमन्त्री योगी आदित्यनाथको तस्वीर देखियो र मोदीसमर्थक भारतीय मिडियाहरुमा नेपालमा राजतन्त्र फिर्तीको सम्भावनामा बहस सुनिन थालियो, त्यसले संकीर्ण हिन्दुवादी मोदी शासनप्रति नेपालमा नयाँ आशंका र आक्रोशपनि देखियो । प्रधानमन्त्री, जो एमाले अध्यक्षपनि छन्, उनले पार्टीको बैठकमा राजावादीलाई उक्साउनुमा भारतीय पक्षको भूमिका रहेको प्रति आशंका समेत व्यक्त गरे । यसको एउटा कुना ओली सरकारमाथी प्रतिपक्षी दलहरुको दबाब बढदै जानु र उनको निम्ति अप्ठ्यारो सृजना गर्नु पनि हो ।



यस्तो भित्री बाहिरी सम्वेदनशील परिस्थिति बीच बैंककमा समकक्षी मोदीसँग प्रम ओलीको भैंट वार्ता भएको हो ।

माथी नै भनियो, भारतको वर्तमान कूटनीति नेपाललाई गलाएर विवादका विषयहरु ओझेलमा पार्ने तथा नेपाललाई कोर्स करेक्सन गर्न विवश पार्ने नीति लिएको देखिन्छ । तर आफ्नो वर्चस्वशाली नीतिको कारण दक्षिण एसियाका देशहरुसँग एकपछि अर्को गरी भारतको सम्बन्ध बिग्रँदै गएको छ, त्यसमा नेपालपनि स्थायी रुपमा उनको कटु कित्तामा जाने सम्भावना बढदै गएको छ । दक्षिण एसियाको कूटनीतिमा यो सामान्य झैं देखिएपनि भारत-चीन प्रतिद्वन्द्विताको दृष्टिले भारतीय कूटनीतिज्ञहरुले यसको महत्व बुझेका हुनसक्छन् । 'छिमेकी बदल्न नसकिने' बदल्न नसकिने नीति नेपालको निम्ति मात्रै होइन, भारतले पनि बुझेको हुनु पर्छ । यस्तोमा थप एउटा छिमेकी देशलाई स्थायी रुपमा उत्तरी छिमेकीको पोल्टामा जान दिन उसलेपनि चाहँदैन । भेटधाट र वार्ताको प्रस्तावबाट पटक पटक पन्छिने मोदी, 'नोट टेकर' (टिपोट गर्ने) समेत नराखेर ४० मिनेटसम्म एक्ला एक्लै भेट्नुलाई भारतीय पक्षले पनि वर्तमान भू राजनीतिक सम्वेदनशीलता बुझेको अपेक्षा राख्नु अनुचित हुँदैन ।

तर, एउटा समृद्ध देशको छिमेकी हुनुको सकारात्मक अनुभूति राजनीति, जनता र समृद्धि, सबै स्तरमा नेपालले अनुभूत नगरेसम्म यो स्थायी रुपमा सम्बन्ध सुधार सम्भव छैन । भारतीय कूटनीतिको समस्या के हो भने उसले आफ्नो भौगोलिक, आर्थिक, सैन्य विशालता तथा पारम्परिक सांस्कृतिक निकटतालाई राजनीतिक वर्चस्वको हतियारको प्रयोगगर्ने नीति निरन्तर कायम राख्न चाहन्छ ।

बैंककमा ओली-मोदी भैंटले के साँच्चै 'आइस ब्रेक' भएको हो, कि दुईतर्फी विज्ञप्तिमा देखिने हार्दिकता शब्दमा मात्रै हुन्, भन्ने कुरा त आगामी दिनमा देखिँदै जाने हुन् । भैंटपछि दुबै नेताले प्रकट गरेको हार्दिक अभिव्यक्तिले केही बढी नै रोचक देखिन्छ । प्रम ओलीले 'एक्स'मा हिन्दीमा 'मेरो प्रिय मित्र प्रधानमन्त्री नरेन्द्र मोदीसँग आत्मीय भैंट भयो' भन्दै भैंट सार्थक र सकारात्मक रहेको उल्लेख गरेका छन् । अर्कोतिर भारतीय प्रम मोदीले पनि ' एक्स'मा नेपाली भाषामा 'प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भैंटघाट फलदायी रह्यो, भारतले नेपालसँग सम्बन्धलाई प्राथमिकता दिएको छ, हामीले नेपाल भारतबीच मित्रताका विभिन्न क्षेत्रमा छलफल गर्‍यौं' भन्ने हार्दिक उद्‌गार व्यक्त गरिएको छ । भारतीय विदेश मन्त्रालयले ओली-मोदीको यस भैंटलाई अद्वितीय र घनिष्ठ सम्बन्धको समीक्षा भनेको छ । त्यसरी नै नेपालको परराष्ट्र मन्त्रालयले पनि यसलाई महत्वपूर्ण उपलब्धिको रुपमा प्रचारित गरिरहेको छ । प्रम ओलीको पार्टी एमालेले पनि आफ्नो अध्यक्षको भैंटघाटलाई ठूलो उपलब्धिको रुपमा तथा भारतसँगको सम्बन्ध सुधारको रुपमा व्याख्या गरिरहेको छ ।

तर चीजहरु अझै 'टेस्ट ट्यूब'मै छन् । जसरी नेपालपक्ष भारतीय प्रधानमन्त्री मोदीलाई आगामी जेठ महिनाको शुरुमा काठमाडौंमा हुने 'सगरमाथा सम्वाद'मा भाग लिन अथक प्रयत्न गरिरहको छ, त्यसमा यो भैंटपनि सफल हुनसकेको छैन । भारतीय पक्षले काठमाडौं भ्रमणको सम्भावना अस्वीकार गरेको छ । त्यसरी नै यस पछि के भारतीय पक्षले प्रम ओलीलाई भारत भ्रमणको निम्तो दिएर औपचारिकरुपमा सम्बन्ध सुधारको सन्देश दिन्छ ? यस्को निम्ति केही समय पर्खिनु नै पर्छ । यसरी नै भारतीय पक्षको मौनताको कारण विवादका अन्य विषय तथा रोकिएको विकास परियोजनाको कामहरु पुनः सकारात्मक रुपमा अगाडी बढछन्, बढदैनन् भन्ने तथ्यले पनि सम्बन्ध सुधारका सकारात्मक संकेत दिनसक्छ ।

तर दुई देशबीचको सम्बन्धमा स्थायी सुधारका सबैभन्दा कडा चुनौती भनेको दुई देशको बीचको सीमा विवाद तथा अतिक्रमणको विषय हो । प्रधानमन्त्री ओली नेपाल फर्किँदा विमानस्थलमा मोदीसँगको भैंटले दुई देशको बीचको सम्बन्धमा सकारात्मक परिवर्तन भएको भनेर हर्ष र उत्साह व्यक्त गरे । तर प्रश्न उठ्छ, मोदीसँगको भैंटमा उनले लिम्पियाधुरा र लिपुलेक लगायतको प्रश्न उठाए उठाएनन् ? उठाए भने उनको बडी ल्याङ्वेज कस्तो थियो ? नेपालले अतिक्रमित भूभाग सहित नक्सा जारी गरेको प्रति भारतीय प्रम मोदीको भावाभिव्यक्ति कस्तो थियो ? लगायतका राष्ट्रिय चासोको विषयमा उनको जवाफ सुन्न बाँकी नै छ । यस्ता विषयहरुको सीधा जवाफ त सुनिदैन । व्यावहारिक परिणामहरुले भने बुझिँदै जाने कुरो हो यो । त्यसैले अहिले नै केही अनुमान गर्नु भन्दा, प्रतिक्षा गर्नु नै उचित हुनेछ । यद्यपि यी प्रश्नहरु नेपाल भारत सम्बन्धका सबैभन्दा कठिन र सम्वेदनशील विषयहरु हुन् । तथापि, अनौपचारिक नै भएपनि ओली-मोदीको भैंटबाट प्रारम्भिक 'आइस ब्रेक'को अपेक्षा राख्नु अनुचित हुँदैन ।

छिमेकी बदल्न सकिँदैन, र भारत र चीन दुबै नेपालका दुईतर्फी छिमेकी हुन् । यस भूराजनीतिक बाध्यतालाई समानरुपमा सबैले आत्मसात् गर्नसके राम्रो ! दक्षिणी छिमेकीसँगको सम्बन्धमा पनि यो दृष्टिकोण लागु हुन्छ ।

# मातृ तथा नवजात शिशु स्वास्थ्य र दिगो विकास



निशा जोशी

हामीले संचालन गरिरहेका जनस्वास्थ्यका विभिन्न कार्यक्रमहरु मध्ये मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम असाध्यै महत्वपूर्ण छ। समाजमा रहेका हरेक आमाले स्वस्थ बच्चाको जन्म दिने वातावरण बनाउनु हामी सबैको कर्तव्य हो। स्वस्थ आमा र स्वस्थ बच्चा नै हामीले परिकल्पना गरेको समृद्द भविष्यको बलियो आधार हो र हामीले गरेका लगानीहरु मध्ये दिगो लगानी हो।

नेपाल सरकार मातृ तथा नवजात शिशु स्वास्थ्य सुधारकोलागि निरन्तर रुपमा सार्थक प्रयास गरिरहेको छ। आज विश्व स्वास्थ्य दिवस २०२५ देशभर "स्वस्थ शुरुवात, समृद्ध भविष्य" भन्ने नाराका साथ मनाई रहेका छौं। यस सन्दर्भमा मातृ तथा नवजात शिशु स्वास्थ्यमा नेपालले हासिल गरेका प्रगतिलाई थप नजिकबाट हेर्ने र प्रगतिहरुको समिक्षा गर्ने अवसर प्राप्त भएको छ।

नेपालको संविधान २०७२ ले मातृ तथा नवजात शिशु स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रुपमा लिदै मौलिक हकको रूपमा राखेको छ। जस अनुरुप सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ तथा जनस्वास्थ्य ऐन २०७५ ले प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवा मार्फत हरेक नागरिकलाई निःशुल्क रूपमा सेवा पुर्याउने लक्ष्य लिएको छ।



नेपालमा सन् १९९६ मा ५३९ प्रति लाख जीवित जन्म रहेको मातृ मृत्युदर सन् २०२३ सम्ममा ७१.५% ले घटेर १४२ प्रति लाख जीवित जन्म पुगेको देखिन्छ। यही अवधिमा नवजात शिशु मृत्युदर ५० बाट घटेर १६.६ प्रति १००० जीवित जन्ममा पुगेको छ।त्यस्तैगरी, मृत जन्म २००१ मा ३० बाट घटेर २०२३ सम्ममा १३.५ प्रति १००० जन्ममा पुगेको छ (बिश्व स्वास्थ्य संगठन, २०२४)। यी सबै रोकथाम गर्न सकिने मृत्युहरुको न्यूनीकरण दर कायम भएमा, नेपालले मातृ मृत्यु, मृत जन्म र नवजात शिशु मृत्युदरको सन् २०३० सम्ममा लक्ष्य हासिल गर्ने प्रवल सम्भावना छ। दिगो विकास लक्ष्यमा उल्लिखित मातृ मृत्युदरको विश्वव्यापी लक्ष्यले मातृ मृत्युदर ७० प्रति लाख जीवित जन्म सम्ममा घटाउने लक्ष्य राखेको भएता पनि नेपालको हकमा सन् २०१५ को मातृमृत्यु अनुपातको दुई तिहाई घटाउने लक्ष्य अनुसार यो ९३ प्रति लाख जीवित जन्म हुन्छ। त्यसैले अहिलेको अनुमानित तथ्यांकले नेपाल दिगो विकास लक्ष्यलाई पुरा गर्ने बाटोमा छ।

नेपाल सरकारले आफ्ना नियमित कार्यक्रमहरु, निःशुल्क सूत्केरी सेवा, सूत्केरी घरभेट कार्यक्रम, ८ पटक गर्भवति जाँच सेवा, निःशुल्क नवजात शिशु उपचार, शल्यक्रिया सहितको सूत्केरी सेवा, निःशुल्क आमा सुरक्षा कार्यक्रम, नवजात शिशु कार्यक्रम, खोप, पोषण तथा यातायात खर्च समेत प्रदान गरी मातृ तथा नवजात शिशु स्वास्थ्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउदै आएको छ। आमा र बच्चाको उपचारात्मक सेवाको साथै सम्बर्धनात्मक र प्रतिकारात्मक कार्यहरु उच्च प्राथमिकतामा छन। यस कार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरू तथा साझेदार संघसंस्थाहरूको अटुट प्रयास र पहल सराहनीय छ।

प्रसूति पश्चात हुने रक्तस्राव, उच्च रक्तचाप र गर्भ रहनु पूर्वको आमाको स्वास्थ्य समस्या जस्ता जटिलताहरू मातृ मृत्युका प्रमुख कारणहरू हुन्। मातृ तथा नवजातशिशु कार्यक्रममा घट्दो बजेट प्रबाह, दक्ष सेवा प्रदायकको कमी, आवश्यक चिकित्सकीय औजार तथा उपकरणहरुको अभाव, बर्थिंग सेन्टरबाट प्रवाह हुने सेवाको गुणस्तर कायम गर्न चुनौती, दुर्गम तथा विकट क्षेत्रहरुमा शल्यक्रिया द्वारा हुने प्रसूति सेवा तथा नवजात शिशु बिशेष उपचार सेवाको निरन्तरतामा समस्या, जस्ता कारणहरुले पनि कार्यक्रमगत उपलब्धि हासिल गर्न चुनौति रहेको छ। यसका अतिरिक्त शिक्षा, सामाजिक-सांस्कृतिक कारकहरू, सेवाको सर्वव्यापी पहुँचमा कमी, प्रेषण प्रणालीमा अवरोध, बाल विवाह, किशोरावस्थामा गर्भधारण, जलवायु परिवर्तन, द्वन्द्व तथा विभिन्न विपदहरू समेत आमा तथा नवजात शिशु कार्यक्रमका लागि थप चुनौतीका रुपमा रहेका छन्। यी समस्याहरुलाई समाधान गर्नका लागि मातृ तथा नवजात शिशु क्षेत्रमा काम गर्ने सम्पूर्ण सरोकारवालाहरु, दातृ निकायहरु तथा नेपाल सरकार एक जुट भएर लाग्न जरुरी छ। गर्भावस्था एक विशेष अवस्था भएकोले सम्पूर्ण परिवार तथा समाजले सकारात्मक वातावरण निर्माण गर्न अत्यावश्यक छ।

अन्त्यमा, स्वस्थ शुरुवात अथवा 'गर्भ रहे देखि सुत्केरी अवस्थामा आमा र बच्चालाई विशेष स्वास्थ स्याहार तथा सहयोग' नै देशको समृद्ध भविष्यको आधारशिला भएकोले हामीले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्दता अनुसार यस क्षेत्रमा थप योगदान पुर्याउन सरोकारवाला सबैको कर्तब्य हुन् आउँछ।

(लेखक जोशी वरिष्ठ जनस्वास्थ्य अधिकृत हुन्। उनी स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखामा कार्यरत छिन्।)

# ‘सगरमाथा संवाद विश्वव्यापी पहल हो’



काठमाण्डु । वन तथा वातावरण राज्यमन्त्री रुपा विकले नेपालले पहिलोपटक आयोजना गर्न लागेको सगरमाथा संवादको उद्देश्य विश्वव्यापी पहल भएको बताउनुभएको छ।

इन्टरनेसनल रिलेसन एन्ड ग्लोबल डिप्लोमेसी डाइलग ९आइआरजिडिडी० ले नेपाल सरकारसँगको सहकार्यमा आज यहाँ आयोजना गरेको प्रि-सगरमाथा संवाद कार्यक्रममा उहाँले सगरमाथा संवाद कार्बन कम उत्सर्जन गर्ने समुदायका मानिसलाई समेत लक्षित भएको उल्लेख गर्नुभयो।उहाँले भन्नुभयो, “नेपाल जलवायु परिवर्तनका कारणले गर्दा अत्यधिक जोखिमपूर्ण मुलुक हो, त्यसलाई लक्षित गरेर रोकथामका लागि सरकारले काम गरिरहेको छ ।” नेपाल सरकारले पहिलो पटक आगामी जेठ २ देखि ४ गतेसम्म सगरमाथा संवाद कार्यक्रम गर्न लागेको छ।

कार्यक्रममा अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ९इसिमोड० का महानिर्देशक डा पेमा ग्याम्त्सोले हिमाल यस क्षेत्रका जनताका लागि मात्र नभई विश्वका लागि प्राकृतिक सम्पदा र जीवनको आधार भएकाले अब प्रकृतिलाई फिर्ता दिने समय भएको बताउनुभयो । उहाँले सगरमाथा संवाद हामीले प्रकृतिलाई के दिन सक्छौँ भन्ने विषयमा केन्द्रित हुनुपर्ने सुझाव दिँदै भन्नुभयो, “सगरमाथा संवादमा हिमालय क्षेत्रको जलवायुका विषयका बारेमा जोड दिनुपर्छ।”

पूर्वअर्थ सचिव मधु मरासिनीले सगरमाथा संवाद नेपालका लागि महत्वपूर्ण अन्तरराष्ट्रिय छलफल र बहसको थलो हुने उल्लेख गर्दै सङ्घमा छ प्रतिशत बजेट नै जलवायु परिवर्तनका लागि छुट्याइएको जानकारी दिनुभयो । “सोह्रौँ योजनाको अन्त्यसम्म जलवायु परिवर्तनको क्षेत्रमा सङ्घको बजेटमा २० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ”, उहाँले भन्नुभयो।

जलवायुविद् डा पपुलर जेन्टलले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्दा अन्तरराष्ट्रिय मञ्चहरुमा नेपालका तर्फबाट संवाद गर्दा स्थायी टोली बताउनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले यस क्षेत्रका सबै विज्ञहरुले जलवायु परिवर्तनले मुलुकमा पारेको असरबारे आफ्ना तर्फबाट बोल्नुपर्ने उल्लेख गर्दै यो युवाको ‘एजेन्डा’समेत भएको बताउनुभयो।


आइआरजिडिडीका अध्यक्ष तथा पूर्वराजदूत शर्मिला पराजुली ढकालले हिमाल र मानवजातिबीच महत्वपूर्ण सम्बन्धको प्रि-सगरमाथा संवाद आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “विश्वको जलवायु क्षेत्रको केन्द्रमा हिमालय सङ्कट बारेमा बहस हुनुपर्छ।” साथै उहाँले सगरमाथा संवादको प्रि-शृ‌ृ लाको आगामी दिनमा विभिन्न छलफल र बहस चलाउने योजना रहेको बारेमा जानकारी दिनुभयो । संवादका दौरानमा भएको छलफलबाट आएका सुझावलाई सगरमाथा संवाद सचिवालयलाई हस्तान्तरण गरिने उहाँको भनाइ थियो।

सगरमाथाको आरोहण गरिसक्नुभएका आरोही दावा टाँसी शेर्पाले बढी जनस‌ृ्याको कारण नभई हिमालय क्षेत्रमा आनन्ददायी जीवनयापन खोज्दा हिउँ पग्लिएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “हिमाल जोगाउनका लागि सबैको पहल आवश्यक छ, स्थानीय समुदायका व्यक्तिहरुको पहलले मात्र हिमाल जोगाउन सकिँदैन।”

उद्योग वाणिज्य महासङ्घ नेपालका पूर्वअध्यक्ष चण्डीराज ढकालले आइआरजिडिडीले गरेको प्रि-सगरमाथासंवादलेनेपालसरकारले गर्न लागेको सगरमाथा संवादलाई सघाउन मद्दत पुग्ने बताउनुभयो । ग्रिन हाइड्रोजन ल्याबका टिम लिडर सहायक प्राध्यापक डा विराजसिंह थापाले नेपालको वार्षिक अर्बौं रकम जीवाष्म इन्धनमा खर्च भइरहेको उल्लेख गर्दै आवश्यक नीतिको व्यवस्थापन गरी हाइड्रोजन र नवीकरणीय इन्धनको प्रयोगमा जोड दिनुपर्ने सुझाव दिनुभयो।रासस

# संविधान मान्दिनँ भनिनु इमानदारिताको खडेरी होः प्रधानमन्त्री

“हाम्रो मुलुक भौगोलिक, प्राकृतिक र सांस्कृतिक रुपमा विविधतायुक्त छ । विविधताका बीचमा एकता आवश्यक छ । बिना एकता हामीले चाहेका उपलब्धि हासिल हुन सक्दैनन्,” प्रधानमन्त्री ओलीले भन्नुभयो, “विविधता अभिशाप होइन, सम्पत्ति हुनुपर्छ । राष्ट्रिय र अन्तरराष्ट्रिय समस्या आउँदा नेपाल एकजुट भएर समाधान गर्न लाग्नुपर्छ ।”



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानअन्तर्गत शपथ खाएर संसद्मा आएर संविधान मान्दिन भनिनु इमानदारिताको खडेरीपन हुने बताउनुभएको छ।

फरियन अफेयर्स मिडियाद्वारा सोमबार आयोजित ‘हिमालयन डायलग’को पहिलो शृ‌ृ लाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सामन्ती शासन व्यवस्थाका कारण नेपाल विकासमा पछाडि परेको र राजनीतिक परिवर्तनपछि जनताले गरेका व्यापक अपेक्षाका बीच आफूहरुले विकास र सुशासनका यात्रालाई अगाडि बढाउन भरमग्दुर प्रयास गरिरहेको बताउनुभयो।

“पराजित सामन्तवाद मलाई त आउन मन लागिराख्या छ भन्न छाडेको छैन। मलाई साथ देऊ भनिराखेका छन्”, राजतन्त्रवादीतर्फ लक्षित गर्दै उहाँले भन्नुभयो, “संविधानकै व्यवस्थाअन्तर्गत शपथ खाएर संसद्मा आएर संविधान मान्दिनँ भनिनु इमानदारिताको खडेरी हो ।” यसबाट सङ्क्रमणकाल अझै लम्बिने देखिएको उहाँको भनाइ थियो । “जता हावा ढल्केको छ, त्यतै बग्ने प्रवृत्ति पनि हुन्छ। जायज माग लिएर आउँदा हामी सुन्छौँ । सडकमा कसैले दुःख पाइरहनु पर्दैन । शिक्षकहरुले सडकमा बसिरहनु पर्दैन । हामी संवादबाट उहाँहरुका मागलाई यथोचित सम्बोधन गर्नेछौँ”, उहाँले थप्नुभयो।

प्रधानमन्त्री ओलीले नेपाल आफ्नो स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा गर्दै अन्तरराष्ट्रिय सम्बन्धबारे त्यसका केही दायित्वहरु निर्वाह गर्न लागेको बताउनुभयो । उहाँले बङ्गालको खाडीको तातो हावालाई छेक्ने काम नेपालकै हिमालले गर्ने तथा समुद्रलाई धेरै तातो हुन नदिन र मरुभूमिकरणबाट यस भूभाग र बाँकी विश्वलाई जोगाउने काम हिमालले गरिरहेको उल्लेख गर्नुभयो।

“हाम्रो मुलुक भौगोलिक, प्राकृतिक र सांस्कृतिक रुपमा विविधतायुक्त छ। विविधताका बीचमा एकता आवश्यक छ। बिना एकता हामीले चाहेका उपलब्धि हासिल हुन सक्दैनन्,” प्रधानमन्त्री ओलीले भन्नुभयो, “विविधता अभिशाप होइन, सम्पत्ति हुनुपर्छ । राष्ट्रिय र अन्तरराष्ट्रिय समस्या आउँदा नेपाल एकजुट भएर समाधान गर्न लाग्नुपर्छ।”

उहाँले आदर्श कमजोर र स्वार्थ हाबी हुँदै गएको विश्वमा राष्ट्रिय हितलाई ध्यान दिँदै विश्वकै सुरक्षा र मानवीय हितमा हामीले आफ्नो तर्फबाट योगदान दिन सक्नुपर्नेमा जोड दिनुभयो। भूराजनीतिका नाममा आफ्नो कमजोरी ढाक्ने काम गर्न नहुने उल्लेख गर्दै उहाँले भूराजनीतिक सचेतनाका साथ राष्ट्रिय हितलाई अगाडि बढाउन आवश्यक रहेको बताउनुभयो।

“अन्तरराष्ट्रिय जवाफदेहीतासहितको न्यायोचित राष्ट्रिय हित र विचारलाई छोड्नु भन्ने होइन । कुनै छिमेकीसँग बढी मित्रता भन्ने खालको कोल्टिने राजनीति गर्नु हुँदैन । हामी कसैको सामरिक गठबन्धनमा लाग्दैनौँ। हामी शान्तिका पक्षमा छौँ”, उहाँले भन्नुभयो ।हिमालयन संवादको पहिलो शृ‌ृ लामा विभिन्न राजनीतिक दलका नेता र कूटनीतिक क्षेत्रका विज्ञहरुले नेपालको परराष्ट्र नीतिका विषयमा दुई सत्रमा छलफल गर्नुहुने फरियन अफेयर्स मिडियाका अध्यक्ष गोपाल खनालले जानकारी दिनुभयो।रासस

## ‘नेपाल-भारत सम्बन्ध सुदृढ बनाउन चन्द्रशेखरको भूमिका महत्त्वपूर्ण’



काठमाण्डु। उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपाल-भारतबीच सम्बन्ध सुदृढ बनाउनमा भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरको भूमिका महत्त्वपूर्ण रहेको स्मरण गर्नुभएको छ।

गणेशमान सिंह फाउन्डेसनले आयोजना गरेको नेपाल-भारत सम्बन्ध सुदृढ गर्न भारतका पूर्वप्रधानमन्त्री चन्द्रशेखरले पु-याउनुभएको योगदान विषयक अन्तरक्रियामा उहाँले चन्द्रशेखरको भूमिकाको प्रशंसा गर्नुभएको हो।

“चन्द्रशेखर र गणेशमानबीच निकै घनिष्ठ सम्बन्ध थियो। उहाँहरूले नेताको रूपमा राजनीतिक परिवर्तनमा खेल्नुभएको भूमिका महत्त्वपूर्ण छ,” उहाँले भन्नुभयो, “०४६ सालको जनआन्दोलनलाई सफल बनाउन चन्द्रशेखरज्यूले खेल्नुभएको भूमिका स्मरणीय छ।” उहाँले चन्द्रशेखरको प्रेरणाले नेपाल-भारतको सम्बन्ध झन् बलियो बनाएको बताउनुभयो।

नेपाली कांग्रेसका नेता डा प्रकाशशरण महतले पनि नेपालमा २०४६ मा भएको जनआन्दोलनलाई सफल बनाउनमा चन्द्रशेखरको भूमिकाको स्मरण गर्नुभयो। “भारतमा प्रधानमन्त्री हुँदा नेपाललाई निकै सहयोग गर्नुभयो उहाँले। बिपी कोइरालासँगको सम्बन्ध पनि राम्रो थियो”, उहाँले भन्नुभयो, “२०४६ सालको आन्दोलनमा उहाँ नेपालमै आएर गणेशमान सिंहको घरमा भाषण गरेर महत्त्वपूर्ण योगदान गर्नुभएको थियो।”रासस

# मापदण्ड विपरीतका सवारी साधन रोकिने



काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले गृह मन्त्रालयसँग समन्वय गरी मापदण्ड विपरीतका सवारी साधन सञ्चालनमा रोक लगाइने बताउनुभएको छ।

मन्त्रालयमा यातायात व्यवसायी तथा मजदुरहरुसँगको सोमबारको छलफलमा उहाँले नियम विपरीत सञ्चालन भइरहेका सवारी साधन सञ्चालनमा रोक लगाउन सडक तथा यातायात विभागले मात्र सम्भव नहुने भएकाले गृह मन्त्रालयसँग समेत समन्वय गरिने बताउनुभएको हो।

यसैगरी निर्माणस्थलहरुमा सवारी साधन अवरोध हुन नदिन वैकल्पिक बाटो तथा ‘डाइभर्सन’को व्यवस्थापनलाई समेत प्राथमिकता दिइने उहाँले बताउनुभयो । काठमाडौँ र पूर्वी नेपाललाई जोड्ने बिपी राजमार्ग मर्मतलाई तीव्रता दिइएको जनाउँदै उहाँले वैकल्पिक सडकका रुपमा उपयोग हुने कान्ति लोकपथ मर्मतलाई समेत प्राथमिकताका साथ अघि बढाइएको उल्लेख गर्नुभयो।यस्तै मन्त्रालयका सचिव केशवकुमार शर्माले यातायात सञ्चालनलाई व्यवस्थित बनाउन गृह मन्त्रालय, ट्राफिक प्रहरीलगायतका निकाय तथा संघीय सरकारसँग थप समन्वय गरिने बताउनुभयो । दाउन्ने सडकमा भइरहेको निर्माणका कारण सवारी साधन तथा यात्रुलाई परेको समस्याप्रति मन्त्रालय गम्भीर रहेको भन्दै मालवाहक तथा यात्रुवाहक गाडीलाई उपयुक्त समय मिलाएर पास हुने व्यवस्था मिलाइएको बताउनुभयो । सो खण्डको निर्माणलाई पहिलो प्राथमिकतामा राखिएकाले चाँडै यातायात सहज पारिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा यातायात व्यवसायी महासङ्घका अध्यक्ष विजय स्वार, वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, महासचिव डेगनाथ गौतम, विभिन्न मजदुर सङ्गठनका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो । यस्तै सडक विभागका महानिर्देशक रामहरि पोखरेल, उपमहानिर्देशक लगायतको उपस्थिति थियो।रासस

# शिक्षकसँगको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन जारी गर्न माओवादीको माग

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले विगतमा नेपाल शिक्षक महासङ्घसँग भएको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन तत्काल जारी गर्न सरकारसँग माग गरेको छ।

माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले सोमबार विज्ञप्ति जारी गर्दै संसद्को विशेष अधिवेशन वा अन्य उपायबाट सो ऐन जारी गरी आन्दोलनरत शिक्षकलाई शैक्षिक जिम्मेवारी पूरा गर्ने वातावरण बनाउन आग्रह गर्नुभएको हो। शिक्षा क्षेत्रमा गुणात्मक सुधार आजको आवश्यकता भएको औँल्याउँदै माओवादी केन्द्रले विद्यालयस्तरमा लामो समयदेखि कार्यरत शिक्षकका लागि उत्प्रेणामुखी वातावरण सिर्जना गर्दै उनीहरूको पेसागत सुरक्षा अनिवार्य सर्त भएको जनाएको छ।

माओवादीले संविधानतः आमनागरिकले शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित भए पनि आवश्यक कानुनी र नीतिगत संरचना निर्माण नहुँदासम्म सङ्घीयताको मर्मअनुरूप शैक्षिक क्षेत्रको पुनर्संरचना हुन नसक्ने उल्लेख गरेको छ। माओवादीले निजामती, शिक्षा, स्वास्थ्य, प्रहरीलगायत ऐन जारी गरी कार्यान्वयनमा जोड दिन सरकारको ध्यानाकर्षण गराएको छ।

आफ्नो पार्टी नेतृत्वको सरकारले जटिलताबीच विद्यालय शिक्षा विधेयक तर्जुमा गरी संसद्मा दर्ता गरेको जनाउँदै माओवादी केन्द्रले सो विधेयकलाई यथाशीघ्र पारित नगरेर सरकारले शिक्षक र विद्यार्थीको पेसा र भविष्यमाथि खेलबाड गरेको आरोप लगाएको छ।

“सरकार गठन भएको दश महिनासम्म आन्दोलनरत शिक्षकको जायज मागलाई बेवास्ता गरिनु तथा शिक्षकको आन्दोलन चर्किएपछि बजेट अधिवेशनमा विधेयक पारित गर्ने तर्क दिनु विरोधाभाष छ,” प्रवक्ता सापकोटाले भन्नुभयो। शिक्षकका मागप्रति ऐक्यबद्धता व्यक्त गर्दै माओवादीले आमजनसमुदायमा समेत शिक्षकका पक्षमा उभिन आह्वान गरेको छ।रासस

# ‘युवामा रोजगारी सृजना मुख्य मुद्दा’



डुम्रे । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले युवामा रोजगारी सृजना अहिलेको मुख्य मुद्दा रहेको बताउनुभएको छ।

तरुण दल तनहुँद्वारा प्रकाशन गरिएको ‘तरुण यात्रा’ पुस्तक विमोचन गर्दै सोमबार उहाँले भन्नुभयो, “देशमा प्रत्येक वर्ष पाँच लाख रोजगारी सृजना गर्नुपर्ने देखिन्छ, तर हामीले ५० हजार रोजगारी सृजना गर्न सकेका छैनौँ । अबको पाँच वर्ष यस्तै रहने हो भने देशमा युवा शक्ति घट्ने छ ।” उहाँले बालकक्षामा अध्ययनरत बालबालिकाको तथ्याङ्क हेर्ने होभने भर्ना अनुसार उपस्थित नहुने गरेको बताउनुभयो।

प्रविधिको युगमा युवालाई रोजगार बनाउने योजना अगाडि सार्नुको विकल्प नरहेको उहाँको भनाइ छ । तरुण दलले युवासँग जोडिएका मुद्दालाई उठान गरी रोजगारी वृद्धिमा आवाज उठाउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

अबको १८/२० वर्षपछि वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य गर्ने गरी काम गर्नुपर्ने महामन्त्री थापालेबताउनुभयो।युवालाई निराश हुनबाट जोगाउन कांग्रेसका भातृ सङ्गठनको अधिवेशन समयमा गनुपर्ने र नयाँ नेतृत्वले समयमा नेतृत्व लिन पाउने वातावरण बनाउनुपर्नेमा उहाँको जोड छ । उहाँले कृषिलाई विशिष्टिकृत गर्दै कम जनशक्ति परिचालन गरी बढी उत्पादन लिने गरी प्रविधिको उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “कम जनशक्ति परिचालन गरेर उन्नत र रोजगारी सृजना गर्दै बढी उत्पादन लिनतर्फ प्रविधिको उपयोगमा युवालाई प्रोत्साहन गर्नुपर्छ।”

तरुण दलका जिल्ला अध्यक्ष हीरा थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति जीतप्रकाश आले, निवर्तमान सभापति वैकुण्ठ न्यौपानेलगायतले युवालाई कृषिसँग प्रविधिसँग जोडेर स्वदेशमै रहने वातावरण बनाउन आवश्यक रहेकामा जोड दिनुभएको थियो।रासस

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय बर्दिवास, महोत्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

**(मिति २०८१/१२/२६ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०४/२९ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात् मिति २०८२/०१/१० गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ वमोजिम मिति २०७५/१२/२९ गते दर्ता नं. २१३०४७/०७५/०७६ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय जनकपुर, बर्दिबासबाट मिति २०७५/१२/२९ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९५१४३३३ को प्रमाणपत्र प्राप्त **रचना कृषी फर्म प्रा.लि. ।** ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता : राज नारायण महतो**<br>(ना.प्र.न. १८३०६३/ ६२१, जारी मिति २०६३/१०/१९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी)।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८<br>(साबिक बिजलपुरा गा.वि.स. वडा नं. ६)।<br>बाबु : राम औतार महतो। बाजे : प्रभु महतो। | **संचालक तथा जमानतकर्ता : राजकुमार सुसलिङ्ग**<br>(ना.प्र.नं. ०४९८२५९८ जारी मिति २०५१/०९/१८ दोस्रो प्रतिलिपि जारी मिति २०६०/०१/०२ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी )।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८<br>(साबिक हातीलेट गा.वि.स. वडा नं. १)।<br>बाबु : राम ब. सुसलिङ्ग। बाजे : रत्न बहादुर सुसलिङ्ग। |
| **जमानतकर्ता : रंजना कुमारी**<br>(ना.प्र.न. १८२०६८/६७७ जारी मिति २०६९/०३/१२ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी)।<br>स्थाई ठेगाना : महोत्तरी जिल्ला गौशाला न.पा. वडा नं. १० (साबिक लक्ष्मीनियाँ गा.वि.स.वडा नं. १)।<br>हालको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८।<br>बाबु : श्याम सुन्दर महतो<br>पति : राज नारायण महतो। ससुरा : राम औतार महतो। | **जमानतकर्ता : मन माया राना**<br>(ना.प्र.न. ९९ जारी मिति २०५५/०४/०६ जारी गर्ने कार्यालय जि.प्र.का.च.पुर रौतहट )।<br>स्थाई ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. १ (साबिक रौतहट जिल्ला पौराई गा.वि.स. वडा नं. २ )<br>हालको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८।<br>बाबु : चन्द्र बहादुर राना।<br>पति : राजकुमार सुसलिङ्ग। ससुरा : राम ब. सुसलिङ्ग |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. रंजना कुमारीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला १५ नं. बहादुर गञ्ज गा.वि.स. वडा नं. २ नक्सा सिट नं २ख स्थित कित्ता नं. ४९२ को क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ........................................१

२. राजकुमार सुसलिङ्गको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला १५ नं. बहादुर गञ्ज वडा नं. १क स्थित कित्ता नं. ५३६ को क्षेत्रफल ०-३-१५-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१

३. ऋणी रचना कृषी फर्म प्रा.लि.को को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ........................................१

**पुनश्च :**


१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवास, महोत्तरी**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवास, महोत्तरीमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# चीनले ट्रम्पको करविरुद्ध प्रतिक्रिया दिँदै गर्दा सेयर बजार आतङ्कित



एएफपी

टोकियो । चिनियाँ प्रतिकार र विश्वव्यापी मन्दीको चेतावनी अझ चर्को हुँदै जाँदा पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कठोर भन्सार शुल्कमा अडान लिइरहेको बेला सोमबार विश्व बजार आतङ्कित भएको छ।

विश्वभरका देशहरूले नयाँ अमेरिकी भन्सार शुल्कको धारलाई कम गर्न सङ्घर्ष गरिरहेका छन् तर बेइजिङले विश्वको दुई ठूला अर्थतन्त्रबीचको व्यापार युद्धलाई बढावा दिँदै भन्सार शुल्कहरूको सामना गरिरहेको सङ्केत दिएको छ।

ट्रम्पले अमेरिकाका व्यापारिक साझेदारहरूसँगको घाटामा कटौती गर्ने आफ्नो मागलाई दोब्बर तुल्याउँदै त्यो समाधान नभएसम्म कुनै पनि सम्झौतामा कटौती नगर्ने बताउनुभएको छ।

"कहिलेकाहीँ तपाईंले केही कुरा ठिक गर्न औषधि लिनुपर्छ", ट्रम्पले आइतबार भन्नुभयो । उहाँले एयर फोर्स वनमा सवार पत्रकारहरूलाई विश्व नेताहरू 'सम्झौता गर्न लालायित भइरहेको' बताउनुभयो।

ट्रम्पले गत हप्ता संयुक्त राज्य अमेरिकामा आउने सामानहरूमा आधारभूत १० प्रतिशत आयात भन्सार शुल्क र युरोपेली सङ्घ (इयु), जापान र ताइवान सहित धेरै देशका लागि उच्च दरहरू घोषणा गर्नुभयो।

अधिकांश देशले जवाफी कारबाही गर्न छाडेका छन् तर एसियाली बजारहरू बन्द भएपछि चीनले शुक्रबार अप्रिल १० देखि सबै अमेरिकी सामानमा ३४ प्रतिशत प्रतिशोधात्मक भन्सार शुल्क लगाउने घोषणा गरेको छ।

"(यो) कठोर-बल आर्थिक युद्ध हो", एसपिआई एसेट म्यानेजमेन्टका स्टिफन इन्नेसले भन्नुभयो, "बजारले तपाईंलाई सरल भाषामा भन्दैछ : विश्वव्यापी माग हराइरहेको छ र विश्वव्यापी मन्दी आउने वाला छ र तीव्रतामा आउँदैछ।"

विश्वव्यापी रूपमा खर्बौं डलरको स्टक नष्ट भएको छ र लगानीकर्ताहरू सुरक्षित सम्पत्तिमा सरेकाले सोमबार एसियाली इक्विटीहरूले अझ बढी क्षति बेहोरेका छन्।

जापानमा निक्केई छ दशमलव पाँच प्रतिशतले घटेको छ। प्रारम्भिक कारोबारमा लगभग आठ प्रतिशतले घटेको थियो । हङकङमा ह्याङ सेङ लगभग १० प्रतिशत र साङ्घाई कम्पोजिट चार प्रतिशतभन्दा बढी घटेको छ।

हङकङ र साङ्घाईमा जस्तै शुक्रबार बन्द भएको ताइवानको मुख्य सूचकाङ्क करिब १० प्रतिशत र सिङ्गापुर आठ दशमलव पाँच प्रतिशतले घटे।

न्युयोर्क स्टक एक्सचेन्जको मुख्य बोर्डहरूका लागि फ्युचर कन्ट्र्याक्टहरू आइतबार तीव्र रूपमा तल झरेको थियो। यसले सोमबार बजार खुल्दा वाल स्ट्रिट स्टकहरूका लागि थप पीडाको सुझाव दिन्छ।

विश्वव्यापी मन्दीको चिन्ताका कारण सन् २०२१ अप्रिलपछि पहिलोपटक अमेरिकी तेल प्रतिब्यारेल ६० डलरभन्दा तल झरेको छ।

### सम्झौता र गठबन्धन

वासिङ्टनको सबैभन्दा नजिकको मित्रहरूमध्ये एक हुँदाहुँदै पनि इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु सोमबार गत हप्ताको घोषणापछि ट्रम्पसँग भेट्ने पहिलो नेता बन्ने हुनुभएको छ । इजरायलमाथि १७ प्रतिशत भन्सार शुल्क लगाइएको छ।

बेलायतका प्रधानमन्त्री किर स्टार्मरले एक समाचारपत्रको ओप-एडमा यथास्थितिलाई बढ्दो रूपमा 'सम्झौताहरू र गठबन्धनहरू' मा भर पर्ने बताउँदै 'हामीले चिनेको संसार गइसकेको छ' भनी चेतावनी दिनुभयो।

ट्रम्पको क्रमिक समयसीमाले केही देशलाई वार्ता गर्ने स्थान दिएको छ।

यद्यपि उहाँले आफू दृढ रहने बताउनुभएको छ र उहाँको प्रशासनले कुनै पनि प्रतिशोध विरुद्ध चेतावनी दिइरहेको छ। "५० भन्दा बढी देशले वार्ता सुरु गर्न राष्ट्रपतिसँग सम्पर्क गरेका छन्", ह्वाइट हाउस राष्ट्रिय आर्थिक परिषद्का प्रमुख केभिन ह्यासेटले अमेरिकी व्यापार प्रतिनिधिलाई उद्धृत गर्दै आइतबार एबिसीको दिस विकलाई भन्नुभयो।

पहिलो त्रैमासिकमा अमेरिकालाई आफ्नो सबैभन्दा ठूलो निर्यात बजारका रूपमा गणना गर्ने उत्पादन पावरहाउस भियतनामले पहिले नै सम्पर्क गरिसकेको छ र ट्रम्पले लगाएको ४६ प्रतिशत भन्सार शुल्क कम गर्न कम्तीमा ४५ दिनको ढिलाइ अनुरोध गरेको छ।

### खराब अभिनेताहरू

अर्थमन्त्री स्कट बेसेन्टले पनि ५० वटा देशले सम्पर्क गरेको एनबिसीको मिट द प्रेसलाई बताउनुभयो।

"मलाई लाग्छ कि यो राष्ट्रपति ट्रम्पको निर्णय हो", ट्रम्पले उनीहरूसँग वार्ता गर्नुहुन्छ कि भन्ने प्रश्नमा बेसेन्टले भन्नुभयो, "यस क्षणमा उहाँले आफ्नो लागि अधिकतम प्रभाव सिर्जना गर्नुभएको छ... मेरो विचारमा हामीले देशहरूले के प्रस्ताव गर्छन् र त्यो विश्वसनीय छ कि छैन हेर्नुपर्नेछ।"

उहाँले दाबी गर्दै भन्नुभयो, "लामो समयदेखि खराब अभिनेताहरू रहेका छन् र यो त्यस्तो कुरा होइन जुन दिन वा हप्ताहरूमा वार्ता गरेर टार्न सकिन्छ।"

ट्रम्पका भन्सार शुल्क गुरु पिटर नाभारोले बढ्दो चिन्ताविरुद्ध प्रतिकार गर्नुभएको छ र लगानीकर्ताहरूलाई 'हामीले कहिल्यै देखेको सेयर बजारमा सबैभन्दा ठूलो बुम' को वाचा गर्दै 'तपाईंले बेच्नुभएन भने पैसा गुमाउन सक्नुहुन्न' भनी जोड दिनुभएको छ।

रुसलाई पछिल्लो भन्सार शुल्कको समूहले लक्षित गरेको छैन र ह्यासेटले युक्रेनमा रुसको आक्रमणका बारेमा मस्कोसँगको वार्तालाई हिट लिस्टबाट उनीहरूको छुटको कारणका रूपमा उद्धृत गर्नुभयो।

बुधबार ह्वाइट हाउसका एक अधिकारीले प्रतिबन्धका कारण व्यापार नगण्य भएकाले रुसलाई बाहिरिने कारण रहेको सुझाव दिनुभयो।

संयुक्त राज्य अमेरिकामा उत्पादनहरू बेच्ने विश्वभरका देशहरूले वास्तवमा अमेरिकीहरूलाई ठगिरहेका छन् भनेर ट्रम्पले लामो समयदेखि जोड दिनुभएको छ र उहाँले त्यो गलतलाई सुधार्ने माध्यमका रूपमा भन्सार शुल्कलाई हेर्नुभएको छ।

"कुनै दिन मानिसहरूले बुझ्नेछन् कि भन्सार शुल्क, संयुक्त राज्य अमेरिकाका लागि, एक अत्यन्त सुन्दर कुरा हो !" ट्रम्पले आइतबार ट्रुथ सोसलमा लेख्नुभयो।

तर धेरै अर्थशास्त्रीले भन्सार शुल्कहरू उपभोक्ताहरूमा हस्तान्तरण गरिन्छ र उनीहरूले घरमा मूल्य वृद्धि देख्न सक्छन् भन्दै चेतावनी दिएका छन्।

"मलाई लाग्दैन कि तपाईंले अमेरिकामा उपभोक्तामा ठूलो प्रभाव देख्नुहुनेछ ", ह्यासेटले भन्नुभयो।

**अर्थमन्त्री स्कट बेसेन्टले पनि ५० वटा देशले सम्पर्क गरेको एनबिसीको मिट द प्रेसलाई बताउनुभयो । "मलाई लाग्छ कि यो राष्ट्रपति ट्रम्पको निर्णय हो", ट्रम्पले उनीहरूसँग वार्ता गर्नुहुन्छ कि भन्ने प्रश्नमा बेसेन्टले भन्नुभयो, "यस क्षणमा उहाँले आफ्नो लागि अधिकतम प्रभाव सिर्जना गर्नुभएको छ... मेरो विचारमा हामीले देशहरूले के प्रस्ताव गर्छन् र त्यो विश्वसनीय छ कि छैन हेर्नुपर्नेछ ।"**

# नेपाली क्रिकेट टोली हङकङ जाँदै



काठमाण्डु । हङकङमा हुने चारदेशीय टि ट्वान्टी आई सिरिजमा भाग लिन जाने नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई बिदाइ गरिएको छ।

सोमबार नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशन सिंह राउत तथा पदाधिकारीले टोलीलाई बिदाइ गरे।

बुधबार सुरु हुन सिरिजको लागि टोली ज्ञानेन्द्र मल्लको प्रशिक्षणमा रहनेछ। नवनियुक्त मुख्य प्रशिक्षक स्टुअर्ट ल नेपाल नआइपुगेको कारण मल्ललाई यो सिरिजको लागि जिम्मेवारी दिइएको हो।

मल्लले क्यानले यो जिम्मेवारी दिएकोमा धन्यवाद दिए र आफ्नो लागि गर्वको विषय भएको बताए। साथै खेलाडीहरूले सहजै स्वीकारेको कारण निकै सजिलो भएको पनि उनले भने।

साथै प्रधानमन्त्री कप खेले लगतै ५ दिनको छोटो तयारीका बाबजुद टोली लयमा रहेको र जितको लागि खेल्ने मल्लको विश्वास छ।

लामो समयपछि टि ट्वान्टी खेल्न लागेको र यसले सेप्टेम्बरमा हुने टि ट्वान्टी विश्व कप छनोटको लागि मद्दत पुग्ने बताए। बसिर अहमद, लोकेश बम र नन्दन यादवले कमब्याक गरेको विषयमा उनीहरूले एनपिएल र घरेलु प्रतियोगितामा राम्रो प्रदर्शन गरेको कारण टोलीलाई सहयोग पुग्ने कप्तान रोहित पौडेलले बताए।

नेपालले सिरिजमा कुवेत, कतार र आयोजक हङकङसँग खेल्नेछ। नेपालले पछिल्लो पटक गत अक्टोबरमा अमेरिकासँग खेलेको सिरिज ३-० ले जितेको थियो। यसपछि नेपालले खेल्न लागेको यो पहिलो टी ट्वान्टी सिरिज हो।

नेपालले बुधबार पहिलो खेल हङकङसँग खेल्नेछ। नेपाली टिम आज राती हङकङ प्रस्थान गर्नेछ।

### नेपाली क्रिकेट टोली

रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, लोकेश बम, बसिर अहमद, दिपेन्द्र सिंह ऐरी, कुशल मल्ल, ललित राजवंशी, सोमपाल कामी, करण केसी, शहाब आलम, नन्दन यादव, रिजन ढकाल र गुलशन झा

# जापानी सम्राटद्वारा द्वितीय विश्वयुद्धको युद्धस्थल इवो जिमाको भ्रमण

एएफपी

इवो जिमा । जापानका सम्राट नारुहितो र साम्राज्ञी मासाकोले सोमबार दोस्रो विश्वयुद्धको अन्त्यको ८०औँ वार्षिकोत्सव मनाउन सानो प्रशान्त टापु इवो जिमाको दुर्लभ भ्रमण गर्नुभएको छ।

टोकियोबाट करिब एक हजार दुई सय ५० किलोमिटर दक्षिणमा रहेको जापानी टापु सन् १९४५ मा युद्धकालीन शत्रुहरू जापान र संयुक्त राज्य अमेरिकाबीच पाँच हप्तासम्म चलेको लडाइँको स्थल थियो।

टापुमा रहेका जापानका लगभग सबै २१ हजार सैनिक लडाइँका क्रममा मारिएका थिए भने अमेरिकी पक्षमा छ हजार आठ सयभन्दा बढी मारिएका र १९ हजार घाइते भएका थिए।

जापानमा इवो-तो भनेर चिनिने टापुमा वर्षा हुँदा शाही दम्पतीले फूल चढाएर युद्धमा मरेका मानिसहरूको स्मारकमा धार्मिक रूपमा पानी खन्याउनुभयो।

प्रधानमन्त्री सिगेरु इसिबा र अमेरिकी रक्षामन्त्री पिट हेगसेथले गत महिना इवो जिमाको लडाइँको ८० वर्ष पुगेको अवसरमा संयुक्त रूपमा टापुको भ्रमण गर्नुभएको थियो।

यो लडाइँले चलचित्र र पुस्तकहरूलाई प्रेरित गर्‍यो तर यो द्वितीय विश्वयुद्धको सबैभन्दा प्रसिद्ध तस्बिरहरू मध्ये एक - माउन्ट सुरिबाचीको भग्नावशेष ढाकेको सतहमा अमेरिकी मरिनहरूको एक समूहले अमेरिकी झण्डा फहराइरहेको देखाउने तस्बिरसँग सबैभन्दा बढी जोडिएको छ।

आज यो टापु नागरिकहरूका लागि प्रतिबन्धित छ र यसको खैरो समुद्री किनारामा युद्धपोतका क्षतिग्रस्त भागहरू छरिएका छन् तथा हरियालीमा जिङ्ग लागेका परित्यक्त ट्याङ्कहरू अवस्थित छन्।

यस दुर्गम ज्वालामुखी टापुमा युद्धमा मृत्यु भएकाहरूका अवशेष खोज्ने प्रयास जारी छ। त्यहाँ एएफपी पत्रकारले सोमबार गन्धकको गन्ध हावामा फैलिएको बताए।

नारुहितोका आमाबाबु एवं पूर्व-सम्राट अकिहितो र पूर्व साम्राज्ञी मिचिकोले सन् १९९४ मा यस टापुको भ्रमण गर्नुभएको थियो।

# भारतको मुख्य शेयर सूचकाङ्क खुल्दा ३% भन्दा बढीले गिरावट



एएफपी

मुम्बई । बेन्चमार्क निफ्टी सूचकाङ्क तीन प्रतिशतभन्दा बढी तल झरेका कारण सोमबार खुला कारोबारमा भारतीय सेयरहरूको मूल्यमा गिरावट आएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत हप्ता भारतबाट हुने आयातमा २६ प्रतिशत कर लगाउनुभएपछि नयाँदिल्लीले भन्सार शुल्क वृद्धिबाट हुने ' प्रभाव' र 'अवसर' दुवैको परीक्षण गरिरहेको बताएको थियो।

नेसनल स्टक एक्सचेन्जमा सबैभन्दा ठूला भारतीय कम्पनीहरू प्रस्तुत गर्ने निफ्टी ५० तीन दशमलव ५५ प्रतिशतले घटेको थियो।

भारतको शक्तिशाली सूचना प्रविधि कम्पनीहरू समावेश भएको निफ्टी आइटी पाँच दशमलव ५३ प्रतिशतले घट्यो। निफ्टी आइटीको सबैभन्दा ठूलो बजार संयुक्त राज्य अमेरिका हो।

द टाइम्स अफ इन्डियाले सेयर बजारको गिरावटलाई 'रक्तपात' भनेको छ।

भन्सार शुल्क घोषणा भएपछि भारतको वाणिज्य विभागले 'विभिन्न उपायका प्रभावहरू सावधानीपूर्वक परीक्षण गरिरहेको' भन्दै एक विज्ञप्तिमा 'यो नयाँ विकासका कारण उत्पन्न हुनसक्ने अवसरहरू पनि अध्ययन गरिरहेको' जनाएको छ।

भारतको औषधि क्षेत्र अमरिकाको पारस्परिक भन्सार शुल्क कदमबाट औषधिहरूलाई छुट दिएर सुरक्षित रह्यो। भारतको औषधि क्षेत्रले सन् २०२४ को आर्थिक वर्षमा संयुक्त राज्य अमेरिकामा आठ अर्ब डलरभन्दा बढी उत्पादनहरू निर्यात गरेको थियो।

भन्सार शुल्कहरू घोषणा गर्दै ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी 'महान मित्र' रहनुभएको तर उहाँले 'हामीलाई सही व्यवहार नगर्नुभएको' बताउनुभएको थियो।

# अमेरिकामा दादुराबाट अर्को बच्चाको मृत्यु, करिब ६५० बिरामी : अधिकारीहरू

एएफपी

वासिङ्टन । अमेरिकाको दक्षिण-पश्चिमी क्षेत्रमा दादुराको प्रकोपले अर्को बच्चाको ज्यान लिएको छ । अधिकारीहरूले आइतबार अत्यधिक सङ्क्रामक दादुरा रोग फैलिँदै गर्दा अहिलेसम्म करिब छ सय ५० जना सङ्क्रमित भएको बताएका छन्।



"भर्खरै दादुरा भएको पत्ता लागेको एक विद्यालय उमेरका बच्चाको निधन भएको खबर सुनेर हामी निकै दुःखी छौँ", टेक्सासको मेडिकल सेन्टर, युएमसी हेल्थ सिस्टमका उपाध्यक्ष आरोन डेभिसले भन्नुभयो।

उक्त बच्चाले अस्पतालमा 'दादुरा जटिलताहरू' को लागि उपचार प्राप्त गरिरहेको भन्दै उहाँले बच्चालाई 'दादुरा विरुद्धको खोप लगाइएको थिएन र कुनै अन्तर्निहित स्वास्थ्य समस्या थिएन' भन्नुभयो।

अमेरिकाले वर्षौंको सबैभन्दा खराब दादुरा प्रकोपसँग जुझिरहेको बेला राष्ट्रपति डोनाल्ड ट्रम्पका स्वास्थ्यमन्त्री रोबर्ट एफ केनेडी जुनियरले खोपको महत्त्वलाई कम आँक्ने आफ्नो विगतको बयानबाजीले स्वास्थ्य विज्ञहरूलाई चिन्तित बनाएको छ।

तथापि केनेडीले आइतबार एक्समा 'दादुरा फैलन रोक्ने सबैभन्दा प्रभावकारी तरिका एमएमआर खोप हो' भनेर लेख्नुभएको छ।

उहाँले आफ्नो स्वास्थ्य तथा मानव सेवा (एचएचएस) विभाग र रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू (सिडिसी) ले टेक्सासमा खोप वितरणलाई सहयोग गरिरहेको बताउनुभयो।

बच्चाको परिवारलाई सान्त्वना दिन टेक्सास गएको बताउनुहुने केनेडीले आइतबारसम्म '२२ राज्यमा दादुराका छ सय ४२ पुष्टि भएका मामिलाहरू र तीमध्ये चार सय ९९ टेक्सासमा' रहेको पनि उल्लेख गर्नुभयो।

एयर फोर्स वानमा पत्रकार हरूको प्रश्नको जवाफमा ट्रम्पले प्रकोपलाई 'अहिलेसम्म हामीले कुरा गरिरहेको कुराको तुलनामा सापेक्षिक रूपमा सानो सङ्ख्या' भनेर कम आँकेको देखिन्थ्यो।

तर उहाँले थप विवरण नदिई यदि यो 'बढ्दै गयो भने हामीले धेरै कडा कारबाही गर्नुपर्नेछ' भन्नुभयो।

### खोपको महत्त्व

सिडिसीले अलास्कादेखि फ्लोरिडासम्मका साथै न्युयोर्क सहरमा फैलिएका मामिलाहरू रेकर्ड गरेको छ।

टेक्सासले फेब्रुअरीको अन्त्यमा पहिलो पटक दादुराबाट बच्चाको मृत्यु भएको रिपोर्ट गरेको थियो। लगभग एक दशकमा यस रोगबाट पहिलो अमेरिकीको मृत्यु भएको थियो।

गत महिना न्यु मेक्सिकोका एक वयस्कको मृत्युलाई पनि सिडिसीले दादुरासँग सम्बन्धित मृत्युका रूपमा वर्गीकृत गरेको थियो।

सिडिसीले अप्रिल ३ मा भनेअनुसार सिडिसीले गणना गरेका दादुराका अधिकांश मामिलाहरू - ९७ प्रतिशत - दादुरा विरुद्ध खोप नलगाएका बिरामीहरू हुन्।

तीमध्ये एक सय ९६ जना पाँच वर्ष मुनिका, दुई सय ४० जना ५-१९ वर्षका र थप एक सय ५९ जना २० वर्ष वा सोभन्दा बढी उमेरका थिए भने अन्य केही अज्ञात उमेरका थिए।

'प्रकोप' लाई तीन वा बढी सम्बन्धित मामिलाका रूपमा परिभाषित गर्ने सिडिसीले सन् २०२५ मा अहिलेसम्म छ वटा प्रकोप रेकर्ड गरेको छ। पुष्टि भएका मामिलामध्ये करिब ९३ प्रतिशत ती प्रकोपहरूसँग सम्बन्धित छन्।

"तुलनात्मक रूपमा सन् २०२४ मा १६ प्रकोप रिपोर्ट गरिएको थियो र ६९ प्रतिशत घटनाहरू (दुई सय ८५ मध्ये एक सय ९८) प्रकोपसँग सम्बन्धित थिए", यसले आफ्नो वेबसाइटमा भन्यो।

"यो दुर्भाग्यपूर्ण घटनाले खोपको महत्त्वलाई जोड दिन्छ", टेक्सासको युएमसी हेल्थ सिस्टमका डेभिसले पछिल्लो मृत्युको बारेमा इमेलमा भन्नुभयो, "हामी सबै व्यक्तिलाई आफ्नो र व्यापक समुदायको रक्षा गर्न आफ्नो खोपहरूसँग अद्यावधिक रहन प्रोत्साहित गर्दछौँ।"

# विदेशी लगानीका लागि 'सुरक्षित र आशाजनक भूमि' रहने चीनको प्रतिज्ञा



एएफपी

बेइजिङ। अमेरिकी आयातमा ३४ प्रतिशत भन्सार शुल्क लगाएपछि चीनका एक उच्च अधिकारीले अमेरिकी कम्पनीहरूको संरक्षण गर्ने प्रतिज्ञा गरेका छन्। साथै उनले आफ्नो देश विदेशी लगानीका लागि ' आशाजनक भूमि' रहने वचन दिएको बेइजिङले सोमबार बताएको छ।

चीनले गत हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'मुक्ति दिवस' मा समान स्तरमा घोषणा गर्नुभएको भन्सार शुल्क विरुद्ध प्रतिशोध लिएको थियो।

बेइजिङले चुम्बीकीय प्रतिध्वनि इमेजिङमा प्रयोग हुने ग्याडोलिनियम र उपभोक्ता इलेक्ट्रोनिक्समा प्रयोग हुने यट्रियम गरी सात दुर्लभ खनिज तत्वमा पनि निर्यात नियन्त्रण लागु गरेको छ।

उप वाणिज्यमन्त्री लिङ जीले आइतबार अमेरिकी कम्पनी प्रतिनिधिहरूको प्यानललाई भन्सार शुल्कले 'अमेरिकी कम्पनीहरू सहित उद्यमहरूको वैध अधिकार र हितहरूको दृढतापूर्वक संरक्षण गर्दछ' भन्नुभएको उहाँको मन्त्रालयले बताएको छ।

"बिहीबारदेखि लागू हुने ती करहरू संयुक्त राज्य अमेरिकालाई बहुपक्षीय व्यापार प्रणालीको सही मार्गमा फिर्ता ल्याउने उद्देश्यले हो", उहाँले जीई हेल्थकेयर र मेडट्रोनिक लगायत प्रतिनिधिहरूलाई भन्नुभयो।

चीनमा व्यापक व्यापारिक चासो राख्ने ट्रम्पका निकट सल्लाहकार एवं टेक अर्बपति एलन मस्कद्वारा सञ्चालित विद्युतीय वाहन टेस्लाका प्रतिनिधि पनि उपस्थित थिए।

"भन्सार शुल्क समस्याको मूल कारण संयुक्त राज्य अमेरिकामा छ", लिङले भन्नुभयो।

उहाँले कम्पनीहरूलाई ' विश्वव्यापी आपूर्ति शृङ्खलाको स्थिरता कायम राख्न र परस्पर सहयोग र जीत-जीत परिणामहरू प्रवर्द्धन गर्न संयुक्त रूपमा व्यावहारिक कार्यहरू गर्न' आग्रह गर्नुभयो।

सन् २०२४ मा अमेरिकाले चीनलाई एक खर्ब ४४ अर्ब ६० करोड डलरको सामान निर्यात गरेको थियो। यो उसले आयात गरेको चार खर्ब ३९ अर्ब ७० करोड डलरभन्दा निकै कम हो।

यसको निर्यातमा प्रमुख क्षेत्रहरूमा विद्युतीय र इलेक्ट्रोनिक उपकरणहरू र विभिन्न इन्धनहरू, साथै तेल बीउ र अन्नहरू समावेश छन्।

# विवादित टापु विवादबीच जापानी एनजिओमाथि रुसको प्रतिबन्ध

एएफपी

मस्को। टोकियोसँगको उत्तेजनाबीच रुसले सोमबार दोस्रो विश्वयुद्धको समयमा मस्कोले कब्जा गरेको विवादित टापु शृङ्खलालाई फिर्ता गर्न आह्वान गर्ने जापानी समूहलाई गैरकानूनी घोषित गरेको बताएको छ।

रुसी भाषामा कुरिल द्वीपहरू र जापानी भाषामा उत्तरी क्षेत्रहरू भनिने द्वीपसमूह जापानको उत्तरपूर्वी तटमा अवस्थित छ।

यी चारवटा टापु युद्धको अन्तिम महिनाहरूमा सोभियत सेनाले कब्जा गरेको थियो र टोकियोले 'अवैध कब्जा' भनेर वर्णन गरेदेखि मस्कोले कब्जा गरेको छ।

रुसी महान्यायाधिवक्ताको कार्यालयले सोमबार टोकियोस्थित उत्तरी क्षेत्र समस्या सङ्घलाई 'इतिहास पुनर्लेखन गर्न चाहने र रुसको सार्वभौमिकतामा अतिक्रमण गर्ने' आरोप लगाउँदै 'अवाञ्छनीय' घोषित गरेको जनाएको छ।

सन् २००३ मा स्थापना भएको यो सङ्घ टापुहरूको फिर्तीका लागि जापानको मुख्य वकालत समूह हो र ' एरिका-चान' नामक पफिन मस्कट प्रयोग गरेर बच्चाहरूलाई विवादका बारेमा शिक्षण सामग्री प्रदान गर्दछ। 'अवाञ्छनीय' घोषित हुनाले रुसमा सङ्गठनको लागि काम गर्ने वा सहकार्य गर्ने जो कोही पनि अभियोजनका लागि उत्तरदायी हुन्छ।

रुसले अर्को समूह चिशिमा र हाबोमाई द्वीपहरूका निवासीहरूको लिगलाई पहिले नै प्रतिबन्ध लगाइसकेको थियो।

# सागसब्जी र फलफूलको मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले सोमबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु २०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४५, गाजर (लोकल) प्रतिकिलो रु ३५, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १२, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ४०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ४०, मूला रातो प्रतिकिलो रु ४५, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ४५, तने बोडीको मूल्य प्रतिकिलो रु ९० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ८०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ९०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ९०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ७०, ६०० निर्धारण गरिएको छ ।

न्यूरो प्रतिकिलो रु ८०, ब्रोकाउली प्रतिकिलो रु ७०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, कोइरालो प्रतिकिलो रु २२०, रातो बन्दा प्रतिकिलो रु ४५, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकिलो रु ६५, सेलरी प्रतिकिलो रु २००, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ९०, पुदिना प्रतिकिलो रु ३५०, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २८०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु १२०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ८०, रुख कटहर प्रतिकिलो रु १२०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १००, उखु प्रतिगोटा रु १००,



तितो करेला प्रतिकिलो रु १००, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ९०, चिचिण्डो प्रतिकिलो रु ८०, घिरौला प्रतिकिलो रु ७०, झिगुनी प्रतिकिलो रु ८०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकेजी रु ७०, भिण्डी प्रतिकिलो रु १३० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ७०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु १००, तोरीको साग प्रतिकिलो रु ६०, मेथीको साग प्रतिकिलो रु १००, प्याज हरियो प्रतिकिलो रु ६०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १२०, च्याउ (कन्य) प्रतिकिलो रु २५०, च्याउ (डल्ले) प्रतिकिलो रु ३०० तथा कुरिलो प्रतिकिलो रु स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किबी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु १३० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १३०, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ५०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ७०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु ९०, लसुन हरियो प्रतिकिलो रु ७०, हरियो धनिया प्रतिकिलो रु १८०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १४०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा वन्यजन्तु उद्धार केन्द्र निर्माण अन्तिम चरणमा

कञ्चनपुर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको पूर्वी क्षेत्र अर्जुनीमा बाघ-चितुवा लगायतका जनावरलाई उद्धार गरी राख्नका लागि वन्यजन्तु उद्धार केन्द्र निर्माण अन्तिम चरणमा पुगेको छ ।राष्ट्रिय प्रकृति संरक्षण कोषको रु एक करोड बढीको लगानीमा दुई उद्धार केन्द्र निर्माण भइरहेका छन् । केन्द्रका लागि पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको कोषका कञ्चनपुर कार्यालय प्रमुख लक्ष्मीराज जोशीले बताउनुभयो ।

“खानेपानी, विद्युत्, सिसिटिभी जडानको कार्य हुन बाँकी छ” उहाँले भन्नुभयो, “केन्द्रको चारैतिर सडक (पहुँच मार्ग) निर्माण भइरहेको छ,भने घेरबार राख्ने कार्य हुन बाँकी रहेको छ।” केन्द्रको भौतिक पूर्वाधार निर्माणको पूरा हुनै लागेपनि अन्य कार्यका लागि दातृ निकायको खोजी गरी रहेको उहाँले उल्लेख गर्नुभयो ।“बाघ-चितुवा लगायतका जनावरलाई निकुञ्जको मध्यवर्ती क्षेत्रबाट उद्धार गरेर ल्याएपछि खुवाउने आहाराको व्यवस्थाका लागि पनि आवश्यक बजेटको जोहो मिलाउने कार्य हुन बाँकी छ” कार्यालय प्रमुख जोशीले भन्नुभयो, “त्यसको प्रबन्धका लागि कार्य अगाडि बढाउनु छ ।”

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम बाग्लेले केन्द्र निर्माणका लागि निकुञ्ज कार्यालयले प्राविधिक सहयोग र निर्माणका लागि जग्गा व्यवस्थापनसँगै अनुमति दिने कार्य गरेको बताउनुभयो । “पूर्वाधार निर्माणको सम्पूर्णकार्य एनटिएनसीले गरेको छ” उहाँले भन्नुभयो, “एक/दुई महिनाभित्रै केन्द्र पूर्णरुपमा निर्माण भइसक्छ ।”




मध्यवर्ती क्षेत्रबाट उद्धार गरी ल्याउने बाघ-चितुवा लगायतका अन्य जनावरको केन्द्रमा राखेर स्वास्थ्य परीक्षणको कार्यसँगै उपचार गरेपछि सुरक्षित स्थानमा छाडिने उहाँले बताउनुभयो । नरभक्षी भएका बाघ-चितुवालाई उद्धार गरेर ल्याएपछि आनीबानीमा सुधार नहुँदासम्म केन्द्रमा राखिने र त्यसपछि सुरक्षित स्थानमा छाडिने उहाँको भनाइ छ। उहाँका अनुसार अलपत्र अवस्थामा फेला परेका, अशक्त, घाइते र समस्याग्रस्त जीवजन्तुको उद्धार गरी केन्द्रमा राखेर पालनपोषणको कार्य गरी बासस्थानमा पुनःस्थापन गर्न सघाउ पुग्ने उहाले बताउनुभयो । आधुनिक शैलीमा जीवजन्तुलाई राख्नका लागि निर्माण भइरहेको केन्द्र सुदूरपश्चिम क्षेत्रमा पहिलो रहेको छ । भने चितुवा लगायतका जनावरलाई उद्धार गरी राख्नका लागि डडेल्धुरामा एनटिएनसीले खोर यस अघिनै निर्माण गरी सञ्चालनमा ल्याएको थियो । निकुञ्जमा बाघ-चितुवालगायतका जनावरको सङ्ख्यामा वृद्धि भएपछि मध्यवर्ती क्षेत्रका बासिन्दाको खेतबारीमा देखिन थालेका छन् । गत साता बेलौरी नगरपालिकामा र साउन महिनामा दोधारा चाँदनी नगरपालिका क्षेत्रबाट निकुञ्ज कार्यालयले दुई वटा बाघको सकुशल उद्धार गरी सुरक्षित स्थानमा छाडेको छ ।

प्रत्येक महिना निकुञ्जको मध्यवर्ती क्षेत्रका बस्तीमा चितुवा देखिने गरेको छ। निकुञ्ज र कोषको टोलीले उद्धार गरी सुरक्षित स्थानमा छाडने कार्य गर्दै आएका छन् । उद्धार केन्द्र नहुँदा निकुञ्जलाई उद्धार गरिएका जनावर राख्नका लागि समस्या हुदै आएको थियो ।

केन्द्र निर्माणको कार्यले जीवजन्तुको उद्धार गरी राख्नका लागि सहज हुने भएको छ । यस कार्यले उद्धार गरिएका जीवजन्तुलाई पुरानै बासस्थानमा पुनः स्थापन गराउन पनि सहयोग पुग्ने भएको छ। रासस

# यस्तो छ विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले सोमबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ८ पैसा र बिक्रीदर १३६ रुपैयाँ ६८ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १४९ रुपैयाँ ९ पैसा र बिक्रीदर १४९ रुपैयाँ ७५ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १७५ रुपैयाँ ४३ पैसा र बिक्रीदर १७६ रुपैयाँ २० पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १५८ रुपैयाँ १३ पैसा र बिक्रीदर १५८ रुपैयाँ ८३ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८२ रुपैयाँ २५ पैसा र बिक्रीदर ८२ रुपैयाँ ६१ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ६९ पैसा र बिक्रीदर ९६ रुपैयाँ ११ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०१ रुपैयाँ १० पैसा र बिक्रीदर १०१ रुपैयाँ ५५ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २६ पैसा र बिक्रीदर नौ रुपैयाँ ३० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६९ पैसा र बिक्रीदर १८ रुपैयाँ ७७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ २७ पैसा र बिक्रीदर ३६ रुपैयाँ ४३ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५० पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९५ पैसा र बिक्रीदर तीन रुपैयाँ ९७ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ५ पैसा र बिक्रीदर ३७ रुपैयाँ २१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ६७ पैसा र बिक्रीदर ३० रुपैयाँ ८० पैसा, साउथ कोरियन वन एक सयको खरिद ९ रुपैयाँ ३२ पैसा र बिक्रीदर ९ रुपैयाँ ३६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ६२ पैसा र बिक्रीदर १३ रुपैयाँ ६८ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ र बिक्रीदर २० रुपैयाँ ८ पैसा तोकिएको छ। राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ५० पैसा र बिक्रीदर १७ रुपैयाँ ५८ पैसा, कुवेती दिनार एकको खरिददर ४४२ रुपैयाँ ९ पैसा र बिक्रीदर ४४४ रुपैयाँ ४ पैसा, बहराइन दिनार एकको खरिददर ३६० रुपैयाँ ९६ पैसा र बिक्रीदर ३६२ रुपैयाँ ५६ पैसा, ओमनी रियाल एकको खरिददर ३५३ रुपैयाँ ४९ पैसा र बिक्रीदर ३५५ रुपैयाँ ५ पैसा रहेको छ। भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# मुङखेती परीक्षण

चैनपुर । कृषि प्राविधिकहरूका अनुसार मुङ न्यानो हावापानी सहने बाली हो । यसको वृद्धि विकास र राम्रो उत्पादन लिन औसत तापक्रम २७ देखि ३५ डिग्री सेन्टिग्रेड उपयुक्त मानिन्छ । सामान्यतया तराईमा उत्पादन हुने मुङखेती यहाँ पनि परीक्षण गरिएको छ ।

कोसेबालीअन्तर्गत पर्ने मुङ र वसन्ते मकैखेती केदारस्यूँ गाउँपालिकाको झोतामा सुरु गरिएको छ । समुन्द्री सतहबाट ९५० मिटरको उचाइमा अवस्थित झोतामा पहिलोपटक ‘सिड प्लान्टर’मार्फत बीउ रोपिएको हो ।

गाउँपालिकाले ६५ रोपनी क्षेत्रफलको जमिन भाडामा लिएर मुङ र वसन्ते मकै रोपेको गाउँपालिकाकी उपाध्यक्ष मनिषा धामीले बताउनुभयो । उहाँले मुङखेतीबाट आम्दानी मात्रै नभई जमिन सप्रिने आशा गरेको बताउनुभयो । खेतीले उर्वरा बढ्ने, आम्दानी हुने र स्वास्थ्यलाई फाइदा पुग्ने अपेक्षासहित मुङखेतीको परीक्षण गरिएको उहाँको भनाइ छ । जिल्लाका लागि नयाँ बाली भएकाले पनि परीक्षण सफल भएमा क्षेत्र विस्तार गर्ने तयारी गरिएको छ ।



नयाँ बाली र धेरै फाइदा हुने आशामा कृषकहरू मुङखेतीतर्फ उत्साहित भएको कृषि ज्ञान केन्द्र प्रमुख खेमराज पनेरुले बताउनुभयो । उहाँले भन्नुभयो, “माटोको उर्वरा बढ्ने र आम्दानीको गतिलो माध्यम बन्न सक्ने हुँदा कृषकहरू उत्साहित हुनुभएको छ ।” पनेरुका अनुसार हातले नै रोप्दा गहिरो हुन सक्ने भएकाले सिड प्लान्टरमार्फत रोपिएको हो ।

मुङको बीउ ४-५ सेन्टिमिटर गहिरो रोप्दा बीउको उमारशक्ति राम्रो हुने गर्छ । यदि माथिलो भाग सुक्खा छभने बीउ रोप्न थोरै गहिरो बढाउन सकिने र धेरै गहिरो भयो भने पनि उमारशक्ति राम्रो नहुने प्रमुख पनेरु बताउनुहुन्छ । उहाँले बीउ रोप्नुअघि नाइट्रोजन, फस्फोरस र पोटास छर्कंदा उमारशक्ति राम्रो हुने बताउनुभयो। त्यसका लागि झोतामा गँड्यौला मल र पिनाको मल प्रयोग गरिएको उहाँले बताउनुभयो। प्रशस्त प्राङ्गारिक पदार्थयुक्त बलौटे वा चिम्टाइलो दोमट माटोमा मुङको उत्पादन राम्रो मानिने हुँदा उपयुक्त ठाउँ झोता छनोट गरिएको उहाँको भनाइ छ ।रासस


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय बर्दिवास, महोत्तरीका
## तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

**(मिति २०८१/१२/२६ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०५/६ गते बिहिबारको जनकपुर टुडे दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/१/१० गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्राईभेट रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६८/०९/२६ मा दर्ता भई प्रा.फ.र.नं. १४५१/१६४/०६८(०६९ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०६८/११/०२ (मु.अ.क. दर्ता मिति २०६९/१२/२७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०५३६१२४२ को प्रमाणपत्र प्राप्त छप्पन साहको प्रोप्राइटरसिपमा रहेको **मां जननी किराना पसल ।**
फर्मको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १ (साविक बर्दिवास गा.वि.स. वडा नं. ५)।

**प्रोप्राईटर तथा जमानतकर्ता :छप्पन साह**
(ना.प्र.नः १८३०७४/१७८, जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी)।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।
बाबु : राम तपस्या साह । बाजे : शंकर साह ।

**जमानतकर्ता : बचुन साह**
(ना.प्र.नः १८३०७४/१७६ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।
बाबु : राम तपस्या साह । बाजे : शंकर साह ।

**जमानतकर्ता : सुरज कुमारी**
(ना.प्र.नं. ०४९२३४४२ जारी मिति: २०५१/१२/०९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।
बाबु : राम जिवन साह कानु ।
पति : मिस्री साह ।
ससुरा : राम तपस्या साह ।

**जमानतकर्ता : उर्मिला देवी**
(ना.प्र.नं. १८३०७४/३६ जारी मिति: २०६३/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।
बाबु : चुमन साह ।
पति : छप्पन साह ।
ससुरा : राम तपस्या साह ।

**जमानतकर्ता : मंदीरा साह**
(ना.प्र.नः १८३०७४/११८८ जारी मिति २०६३/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।
बाबु : योगेन्द्र साह कानु ।
पति : बचुन साह । ससुरा : राम तपस्या साह ।

**जमानतकर्ता : साहेव साह**
(ना.प्र.न. १८३०७४/१७७ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।
बाबु : राम तपस्या साह ।
बाजे : शंकर साह ।

**जमानतकर्ता : अनिता कुमारी**
(ना.प्र.नं. १६०३३४२१८ जारी मिति: २०६२/०९/०६ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा) ।
साविक ठेगाना : पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १०
(साबिक बिरगंज न.पा. वडा नं. १३) ।
हालको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ ।
बाबु : बुधन साह कानु ।
पति : साहेव साह । ससुरा : राम तपस्या साह ।

**जमानतकर्ता : ओम प्रकाश साह**
(ना.प्र.नः १८३०७४/१७९ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।
बाबु : राम तपस्या साह ।
बाजे : शंकर साह ।

**जमानतकर्ता : सविता कुमारी**
(ना.प्र.नं. १८(०५(७६(०००७१ जारी मिति: २०७६/०१/०९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ ।
बाबु : राम नारायण साह कानु ।
पति : ओम प्रकाश साह ।
ससुरा : राम तपस्या साह ।

**ख. धितो सुरक्षणको विवरण :**

१. प्रोप्राईटर तथा जमानतकर्ता छप्पन साहको नाममा मालपोत कार्यालय बर्दिवासमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमश: ११९२, १११८, ८९९ र २८५९ को क्षेत्रफल क्रमश: ०-०-३.५-०, ०-०-६-०, ०-१-०-० र ०-०-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ........................................१
२. जमानतकर्ता सुरज कुमारीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमश: ५७६ र ५७९ को क्षेत्रफल क्रमश: ०-०-१६-० र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१
३. जमानतकर्ता बचुन साहको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमस: १११३, १११४ र १११९ क्षेत्रफल क्रमश: ०-०-३.५-०, ०-०-२-० र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१
४. ऋणी मां जननी किराना पसलको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण. ......................................१

**पुनश्च :**

१.बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवास, महोत्तरी**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२.सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३.लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवास, महोत्तरी**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१५०००**

## सीतामढी-अयोध्या राजमार्ग ४ लेन

# भगवान राम र सीताको जन्मस्थली जोड्ने सडक निर्माणको ठेक्का

**टुडे समाचारदाता**

जनकपुरधाम । भारत सरकारको केन्द्रीय सडक एवं परिवहन राजमार्ग मन्त्रालयले अयोध्या र सीतामढी जोड्ने राजमार्ग निर्माणको सिमांकन (एलाइनमेन्ट) लाई स्वीकृत गरेको छ।




केन्द्रीय सडक एवं परिवहन राजमार्ग मन्त्रालयको एलाइनमेन्ट अप्रुभल समितिले स्वीकृत गरेको छ । मन्त्रालयको सचिव वी उमाशंकरको अध्यक्षतामा बसेको सो बैठकले एलाइनमेन्टलाई स्वीकृत गरेको छ । बैठकमा पथ निर्माण विभागका अपर मुख्यसचिव मिहिर कुमार सिंहकोपनि सहभागिता रहेको थियो ।

उत्तरप्रदेश र बिहारको सीमामा पर्ने मेहरौना घाटबाट बिहारको सीतामढी हुँदै भिठ्ठामोड सम्म २ सय ४० किलोमिटर मिटर लामो ४ लेनको सडक निर्माण गर्ने योजनाको भारत सरकारले पहिले नै स्वीकृत गरिसकेको छ।

रामजानकी पथ नामाकरण गरिएको ४ लेन सडकको मेहरौनादेखि सीवान सम्मको ४० किलोमिटर सडकको टेण्डर भइसकेको छ । त्यसको लागत भारतीय रुपैयाँ १ हजार २ सय ५४ करोड रहेको छ। सीवानदेखि मशरखको टेण्डर पनि भइसकेको छ । ५२ किलोमिटर लामो सो सडक खण्डको लागत १ हजार ३ सय ५१ करोड भारतीय रुपैयाँ रहेको छ। मशरखदेखि चकिया सम्मको ४८ किलोमिटर लामो सडक खण्डको लागत १ हजार ४ सय ५० करोड भारतीय रुपैयाँ रहेको छ।

चकियादेखिशिवहर-सीतामढी-भिठ्ठामोड सडक खण्ड १ सय ३ किलोमिटर लामो रहेको छ। त्यसको निर्माणमा २ हजार १ सय करोडको लागत रहेको केन्द्रीय सडक एवं परिवहन राजमार्ग मन्त्रालयले जनाएको छ।

सीतामाताको जन्मस्थल भारतको सीतामढीको पुनौराधाममा रहेको भारतीय दाबी छ । भारत सरकारले पुनौराधामको विकासका लागि चालु आर्थिक वर्षको बजेटमा ६ सय करोड भारतीय रुपैयाँ विनियोजन गरेको छ। सीतामढीदेखि सोझै दिल्ली सम्मको सुपर एक्सप्रेस रेल सेवा सञ्चालन गर्ने तयारी शुरु भइसकेको छ।

भारत सरकारले एलाइनमेन्ट स्वीकृत गरिसकेको राजमार्गको जग्गा अधिग्रहण र मुआब्जा बितरणको कार्य सहज भएको बिहार सरकारका सचिव अमृत लाल मिणाले जनाएका छन् ।

विपक्षी दलहरुले बिहारको चुनावलाई प्रभावित गर्न सरकारले यस्ता योजनाहरुको घोषणा गरेको आरोप लगाएपनि भारत सरकारको रामायण सर्किट अन्तरगतको राजमार्ग भएकोले प्राथमिकतामा रहेको अधिकारीहरुले बताएका छन् ।

पुनौराधामको विकास भएसँगै जनकपुरधामको पनि विकास गर्न सके पर्यटनको क्षेत्रमा ठूलो उपलब्धि हासिल गर्न सकिन्छ । अयोध्या पुग्ने तिर्थयात्रीहरुलाई जनकपुरधाम सम्म ल्याउन सक्ने योजनाहरु नेपाल सरकारले बनाउन आवश्यक छ।

भारतको भिठ्ठामोड बोर्डर जोडने जनकपुरधाम मलिवारा( भिठ्ठामोड)सडकलाई ४ लेनको बनाउन आवश्यक छ । वर्षौदेखि जनकपुरधाम - भिठ्ठामोड सडकको अवस्था जीर्ण छ। २ लेन सडक तयार नहुँदै ४ लेनको काम सुरु भएको छ । तर अझै कतिवर्ष लाग्ने निश्चित छैन् ।नेपाल सरकारले सडकलाई समयमै निर्माण गर्न नसके भारतीय पर्यटकहरुको आवागमन निकै कमी आउन सक्ने होटेल व्यवसायी संघ धनुषाका अध्यक्ष सुरेन्द्र भण्डारीले जनाएका छन् ।

जानकी मन्दिरको संरक्षण, सम्वर्द्धन र जनकपुरधाम-भिठ्ठामोड सडकको निर्माणमा सरकारले ध्यान नदिए भारतीय पर्यटकहरु सीतामढीबाट नै फर्किने अवस्था आउने पर्यटन व्यवसायीहरु बताउँछन् ।

# स्वास्थ्यकर्मीहरुले घेरे मुख्यमन्त्री कार्यालय

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्यकर्मीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय घेराउ गरेका छन् ।



मधेश प्रदेश सरकारले ल्याएको स्वास्थ्य सेवा ऐन, २०८१ विरुद्ध प्रदेशभरका स्वास्थ्यकर्मीहरू सोमबारदेखि अनिश्चितकालीन धर्नामा बसेका छन् । आफूहरूको वृत्ति विकासमा गम्भीर असर पार्ने प्रावधान राखेर ल्याइएको ऐन संशोधन नगरी नछाड्ने भन्दै उनीहरूले जनकपुरधाममा आन्दोलनलाई अघि बढाएका छन् ।

धर्ना जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि नै रेल्वे लिकको दक्षिणपट्टी मुख्य सडकमा भएको थियो । आन्दोलनको अगुवाइ सिनियर अहेव र सिनियर अनमी चौथो तथा पाँचौं तह संघर्ष समितिले गरिरहेको छ।

सो संघर्ष समितिका प्रदेश संयोजक मोहन साहले जनाए अनुसार पटक-पटक ऐन संशोधनको माग गरिएको छ । तर प्रदेश सरकारले बेवास्ता गर्दै आएको छ । अन्ततः हामी मुख्यमन्त्री कार्यालय अगाडि चर्को घाममा धर्ना बस्न बाध्य भएको उनले बताए।

उनले मधेश प्रदेशभरिका करिब १ हजार ५ सयदेखि १ हजार ८ सय स्वास्थ्यकर्मीहरू ऐनबाट प्रत्यक्ष प्रभावित भएको बताए।

संघर्ष समितिका कोषाध्यक्ष रामदेव कापरले संघीय स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९ को ख अनुसार ४ तहमा नियुक्त भएका कर्मचारीले ५ वर्षपछि पाँचौं, त्यसपछि ८ वर्षमा छैटौं र ५ तहबाट नियुक्त कर्मचारीले ७ तहसम्म पदोन्नति पाउने व्यवस्था रहेको बताए। उनले प्रदेश सरकारले त्यो मर्म विपरीत ऐन ल्याएर हामीलाई पछाडि पार्ने काम गरेको बताए।


उनले स्थानीय तहदेखि प्रदेश सरकारसम्म पटक-पटक ध्यानाकर्षण गरायौं। तर, हामीलाई निरन्तर बेवास्ता गरियो । अब त आन्दोलन बाहेक अर्को विकल्प रहेको बताए।

आन्दोलनको समर्थनमा काठमाडौंबाट पनि आवाज उठ्न थालेको छ । प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघका केन्द्रिय उपाध्यक्ष सुभाषचन्द्र गुप्ताले ऐनको विरोधमा उत्रिएका स्वास्थ्यकर्मीहरूका मागलाई 'सौ प्रतिशत जायज' बताए।

उनले 'प्रदेश सरकारले गृह, सञ्चार तथा कानूनमन्त्रीको संयोजकत्वमा गठन गरेको समिति नै प्रतिवेदन दिइसके पनि कार्यान्वयन भएको छैन । स्वास्थ्यकर्मीहरूको यो आन्दोलन केवल आफ्नै अधिकारको लागि होइन, जनस्वास्थ्यको रक्षाको लागि पनि हो।'

प्रधानमन्त्री केपी शर्मा ओलीको मंगलबार जनकपुरधाम आगमनलाई ध्यानमा राख्दै आन्दोलनरत स्वास्थ्यकर्मीहरूले धर्नास्थल सडकबाट हटाएर बाहृबिघामा सार्ने निर्णय गरेका छन्।

# लोसपा मधेश संसदीय दलको नेतामा जयनुल चयन



**टुडे समाचारदाता**

जनकपुरधाम। लामो समयपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको मधेश प्रदेश संसदीय दलको नेतामा जयनुल राइनलाई चयन गरिएको छ। लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले राइनलाई प्रदेश संसदीय दलको नेताको जिम्मेवारी दिएका छन्।

ठाकुरको हस्ताक्षरसहितको पत्र पठाउँदै लोसपाले सोमबार मधेश प्रदेश सभामुख रामचन्द्र मण्डललाई समेत त्यसबारे जानकारी गराएको छ।

यसअघि दलका नेता रहेका अभिराम शर्मा मधेश आन्दोलनमा असइ थमन विक हत्या काण्डमा दोषी ठहर भएपछि प्रदेशसभाले गत वैशाख २१ गते बर्खास्त गरेको थियो । त्यसयता लोसपा नेपाल दलको नेता पद रिक्त थियो । अध्यक्ष ठाकुरले प्रदेश सभामा पठाएको पत्रमा अर्को व्यवस्था नभए सम्मको लागि राइनलाई नेता मनोनयन गरिएको उल्लेख छ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालको अन्तरिम विधान प्रथम संशोधित अनुसार मधेश प्रदेश सभामा संसदीय दलको नेतामा प्रदेश सभा सदस्य जयनुल राइनलाई अर्को व्यवस्था नहुञ्जेलसम्म मनोनयन गरिएको जनाइएको छ।

# अतिक्रमित भूमी खाली गराउँदै जउमनपा

**टुडे समाचारदाता**

जनकपुरधाम । अतिक्रमण गरिएकोसरकारीजग्गाजनकपुरधाम उपमहानगरपालिकाले खाली गराउन थालेको छ।



जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ४ स्थित मटिकोर्वा पोखरीको सौन्दर्यीकरणको क्रममा अतिक्रमित जग्गा खाली गराइएको छ।

उपमहानगरपालिकाको वडा न४ मा रहेको मटिकोर्वा पोखरीको उत्तर तर्फको सरकारी जग्गा विजय कुमार साह, रेखा कर्ण र रुद्रनाारयण लाल कर्णले अतिक्रमण गरेको बताइएको छ।

उनीहरुले आफ्नो निजी जग्गामा निर्माण गरेको घरको अतिरिक्त सार्वजनिक जग्गा समेत मिचेकोले सौन्दर्यीकरणको क्रममा अतिक्रमित भूमी खाली गराइएको बताइएको छ। जउमनपाको २५ वटै वडामा भौतिक संरचना निर्माण, सौन्दर्यीकरण लगायतको कार्य चलिरहेको छ ।त्यस क्रममा अतिक्रमण हटाएर निर्माण कार्य अगाडी बढाउनेमा जउमनपा दृढ देखिएको छ।

कुनै व्यक्तिको जग्गा अथवा निर्माण न भत्काइएको जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले बताएका छन्।

'ऐतिहासिक पोखरीको सौन्दर्यीकरणको कार्य भइरहेको छ 'उनले भने, हामीले कसैको घर भत्काएका छैनौ, पोखरीको अतिक्रमित भूमिलाई सफाइ गरेका छौ।

मेयर साहले सार्वजनिक जग्गा अतिक्रमण गर्नेहरुले स्वयं जग्गा खालीगरि उपमहानगरपालिकालाई सहयोग गर्न आग्रह गरेका छन् ।पोखरीको सौन्दर्यीकरणले जनकपुरधामको धार्मिक र ऐतिहासिक महत्वको सरोवर जोगिने र वातावरणको सन्तुलनमा महत्वपूर्ण योगदान पुग्ने उनको कथन छ।

# भ्रष्टाचार मुद्दामा तिरहुत गाउँपालिका उपाध्यक्षसमेतलाई सफाइ

**टुडे समाचारदाता**

राजविराज । सात महिना अघि दायर भ्रष्टाचार मुद्दामा विशेष अदालतले सफाइ दिने फैसला गरेको छ। सप्तरीको तिरहुत गाउँपालिकाकी उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतसमेत ११ प्रतिवादी रहेकोमा सबैलाई सफाइ दिइएको छ।



विशेषमा गत २३ भदौमा मुद्दा दायर भएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकाको वडा नं. ५ मा पर्यटन गेट निर्माणमा ११ लाख १९ हजार रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको भनी मुद्दा दायर गरेको थियो । यस मुद्दामा विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरु मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले सफाइ दिने फैसला गरेको छ।

आर्थिक वर्ष ०७५/०७६ मा प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव र इञ्जिनियर खुर्सेद इकरामले मिलेमतोमा गेट निर्माणमा अनियमितता गरेको अभियोग लगाइएको थियो । निर्माण अधुरै छाडेको, रंगरोगन र संवर्द्धनका लागि पनि सम्झौता पत्रमा उल्लेख गरी कम कामको पूरा भुक्तानी दिएकोजस्ता आरोप उनीहरुमाथि थियो।

यस मुद्दामा गाउँपालिकाका लेखा प्रमुख सोनु कुमार सोनी, पालिका उपाध्यक्ष तथा योजना अनुगमन समिति संयोजक तिर्थमाया खत्वे, समिति सदस्यहरु दुर्गानन्द यादव, वीरेन्द्र कुमार यादव, भोगानन्द महत्मान यादव र रामानन्द चौधरीको पनि संलग्नता रहेको दाबीसहित मुद्दा चलाइएको थियो । उपभोक्ता समिति अध्यक्ष शिवनाथ चौधरी, सचिव देवनारायण चौधरी र कोषाध्यक्ष चन्द्री देवीविरुद्ध मुद्दा चलाइएको थियो। उनीहरुले पनि सफाइ पाएका छन्।

# पुलमा भ्वाङ हुँदा दुर्घटनाको जोखिम बढ्यो

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-३ स्थित जब्दी र ईश्वरपुर नगपालिका-८ स्थित रामपुरलाई जोड्ने फूलजोर खोलाको पुल जोखिमपूर्ण बनेको छ । पुलको दुवैतर्फको भागमा ठुल्ठुला खाल्डो पर्दा दुर्घटनाको जोखिम बढेको स्थानीयवासीले गुनासो गरेका छन्।



पुललाई जोड्ने सडकको गिट्टी र माटो बगेर ठुलो खाल्डो परेका कारण सवारी साधन चलाउँदा दुर्घटनाको जोखिम बढेको लालबन्दी नगरपालिका-३, का वडाध्यक्ष वुद्धदेव चौधरीले जानकारी दिए।

पुलको दुवैतर्फ गएको वर्षायाममै गिट्टी र माटो बगाएर ठुलो खाल्डो परेको थियो । रामपुरतर्फको भागमा पुल छेउमै सडकमा पुनः ठुलो भ्वाङ पर्दा सोही भ्वाङमा साइकल, मोटरसाइकलजस्ता स-साना सवारी पर्ने जोखिम बढेको भन्दै स्थानीयवासी चिन्तित छन्।

ईश्वरपुर नगरपालिका ८ का वडाध्यक्ष श्यामबहादुर थापाले फूलजोर पुलको अवस्था डरलाग्दो बनेपछि आफूहरू एक साताअघि मात्रै सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर डेलिगेसन गएर फर्किएको बताए । निर्माण व्यवसायीले तत्कालै पुलको दुवै भागमा माटो भर्ने र रामपुरतर्फको भागमा परेको भ्वाङ समेत टाल्ने प्रतिवद्धता जनाएका लालबन्दी ३ का वडाध्यक्ष चौधरीले बताए।

फूलजोर खोलामा १७० मिटर लामो पक्की पुल निर्माण भएको लामो समय भइसके पनि हस्तान्तरण भने हुन सकेको छैन । सडक डिभिजन कार्यालय चद्रनिगाहपुरका प्रमुख एवं सिनियर डिभिजनल इञ्जिनियर अरुणकुमारलाल कर्णले फूलजोर खोलाको पुलमा हरेक वर्ष खाल्डो र भ्वाङ पर्ने समस्या आइरहेको बताए।

पुलको दुवैतर्फको भागमा माटो भरेर कालोपत्रे गर्ने पुरानै ठेक्का भएपनि विविध कारणले काम गर्न नसकिएको उहाँले स्वीकार गरे । पुलको दुवै भागको सडकलाई पुल बराबर उठाएर कालोपत्रे गरेपछि अहिलेको समस्या समाधान हुने सडक कार्यालयका प्रमुख कर्णले बताए।

संघीय सरकारले निर्माण गरेका यस्ता पुलको मर्मतसम्भारमा प्रदेश र स्थानीय सरकारले पनि चासो दिनुपर्ने उनको भनाइ छ।

# छोराको उपचार खर्च जुटाउन भौंतारिदै ललित सदा

**टुडे समाचारदाता**

राजविराज । पाँच वर्षीय छोराको उपचारका लागि साथमा साथमा पैसा नहुँदा यतिबेला सप्तरीका सुरुङ्गा नगरपालिका-१ स्थित चहका गोरैयाका ललित सदा रकम जुटाउन भौंतारिदै छिन् ।




धरानस्थित वीपी प्रतिष्ठानमा पाँच वर्षीय छोरा विशाल सदाको उपचार गराइरहेका हुन्थे। तर उपचार गर्ने पैसा नहुँदा उनी बिरामी छोरालाई घरमा राखेर पैसा जुटाउन यता उता भौतारिरहेकी छन् ।

उनको छोरो विशाल लामो समयदेखि पेट फुल्ने र खुट्टा सुन्निने समस्याले ग्रस्त छ। गाउँमा नजिकका स्वास्थ्यले उपचार गर्न ठूलो अस्पताल लैजान भनेपछि उनले छोरालाई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगेका थिए।

तर त्यहाँ पनि विशालको उपचार हुन सकेन । अस्पतालले विशाललाई थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लैजान रिफर गरेको छ । तर ललितले छोरालाई अस्पताल लैजान सकेका छैनन् ।

जन्मिएको एक वर्षसम्म विशाल स्वस्थ थिए । तर एक वर्ष कटेपछि विस्तारै उनको पेट फुल्ने समस्या देखिएको थियो । एक जनाको मजदुरीको भरमा पाँच जनाको परिवार पालिरहेका ललितले त्यसबेला छोराको उपचार गराइहाल्न सकेनन् ।

गत असारमा उनले छोरालाई उपचार गर्न छिमेकी जिल्ला सिराहको लहान लगेका थिए । केही महिना डाक्टरले भनेअनुसारको औषधी खुवाउँदा पनि विशाललाई निको भएन। चैतको पहिलो साता विशाल धेरै बिरामी परेपछि उनी फेरि लहान नै गए । त्यहाँका डाक्टरले पनि उनलाई उपचार गर्न अन्तै लैजाने सिफारिस गरे । तर पैसा नभएपछि उनी छोरा बोकेर घरै फर्किन् ।

करिब १० दिन सबैतिर गुहारेर उनले ६ हजार रुपैयाँ जम्मा गरे । गत आइतबार गजेन्द्रनारायण सिंह अस्पताल पुगे । दुई दिनको उपचारपछि उनलाई चिकित्सकहरुले धरान लैजान रिफर गरे ।

घरमा ३ वर्षका छोरा र १४ महिनाकी छोरी सहित पत्नी छोडेर आएका ललित पछिल्लो एक सातायता शम्भुनाथ नगरपालिका-३ कचन्दाहास्थित ससुरालीमा बसेर छोराको उपचारका लागि पैसाको जोहो गर्न भौतारिरहेका छन् ।

आइतबारसम्म उनले पैसाको जोहो गर्न सकेका छैनन् ।

गजेन्द्रनारायण सिंह अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. प्रकाश साहले पीआइसियू (बाल चिकित्सा सघन हेरचाह एकाई) नहुँदा विशाललाई रेफर गरिएको बताए ।

विशालकी आमा ललितादेवी पनि छोराको बिग्रँदो स्वास्थ्यस्थितिका कारण चिन्तित छन् । 'छोराले उपचार नपाएको चिन्ताले रातभरि निन्द्रा लाग्दैन, स्वास्थ्य अवस्था थप जटिल बन्दै गइरहेको छ,' उनले भनिन्, 'गरिब र दलितलाई कसैले पनि ऋण दिइरहेको छैन, मेरो छोरालाई बचाइदिन सबैमा आग्रह गर्छु ।'

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८